# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १७८ | बुटवल | २०८३ असार १८ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday July 02, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


# कम्युनिष्टहरू मिलेका भए कति सिट जित्ने रहेछन् ?

**लुम्बिनी संवाददाता**

*बुटवल*

फागुन २१ को चुनावमा एमाले र नेकपा मिलेको भए करिब सय सीट जित्ने नेकपा नेता एवं पुर्व प्रधानमन्त्री झलनाथ खनालको मदन भण्डारी जन्मजयन्तीको कार्यक्रमको एक भाषणले नयाँ वहस सिर्जना गरेको छ। 'यदि यी दुईवटा दल मात्रै निर्वाचनभन्दा अगाडि कार्यगत एकता गरेको भए करिब एक सय सीट वामपन्थीको आउन सक्ने झलनाथले बताएका थिए।

गएको निर्वाचनमा रास्वपाको पक्षमा अकल्पनीय सुनामी चल्दा एमाले २५ (प्रत्यक्षतर्फ ९, समानुपातिकतर्फ १६) सीट र नेकपा १७ (प्रत्यक्षतर्फ ८, समानुपातिकतर्फ ९) सीटमा खुम्चिएका थिए। अहिले दुई दल मिले ४२ सीटसहित प्रतिनिधिसभामा दोस्रो ठुलो दल बन्छ। प्रमुख प्रतिपक्षी दल रहेको नेपाली कांग्रेसको ३८ सीट छ।

तर, गएको निर्वाचनको तथ्यांक केलाउँदा पनि गएको निर्वाचन एमाले र नेकपा मिलेको भए २५ सीट सजिलै जित्न सकिने जनमत देखिएको छ। चुनावअघि नेकपा र एमाले मिलेको भए सबैभन्दा ठूलो क्षति कांग्रेस र रास्वपालाई पुग्ने मत परिणामले देखाएको छ। त्यसो त एमाले र नेकपा मिलेर लड्दा श्रम संस्कृति र राप्रपाले पनि प्रत्यक्ष सीट गुमाउने थिए। जनमतका हिसाबले कम्युनिष्ट पार्टीहरू ३० वर्षयताकै सबैभन्दा कमजोर बनेका बेला एमाले र नेकपाले पाएको देशभरको समानुपातिक मत २२ लाख ६६ हजारभन्दा केही बढी हो। यदि कम्युनिष्ट पार्टी मिलेका भए यो समानुपातिक मत केही लाख थपिन सक्थ्यो भने प्रत्यक्षतर्फ २५ देखि ३० सीटसम्म थपिने देखिन्छ। तर, झलनाथ वा अन्य नेताले भनेजस्तो सय सीट पुग्ने अवस्था कठीन थियो। यदि कम्युनिष्ट मिलेर मिलेर लडेका भए अहिलेकै मतका हिसाबले कम्तीमा १३ सीट रास्वपाले गुमाउने थियो भने कांग्रेसले १० सीट गुमाउने हिसाब देखिन्छ।



**कोशी**

एमाले र कांग्रेस मिलेको भए कोशीमा ७ सीट सहजै जित्ने देखिएको छ। पाँचथरमा नेपाली कांग्रेसका नेता नरेन्द्र केरुङ १७ हजार २३३ मतसहित विजयी भए। त्यहाँ एमालेका अइन्द्र सुन्दर नेम्बाङले १४ हजार ५३४ र नेकपाका हर्कबहादुर नेम्बाङले ११ हजार ४४३ मत पाएका थिए। दुई दल मिल्दा यहाँ सहजै जित्ने देखिन्छ।

यस्तै, इलाम १ मा कांग्रेसका निश्कल राईले १४ हजार ५४३ मत ल्याएर जिते। जबकि एमालेका काजीमान कागतेले ११ हजार ९६६ मत पाए। त्यहाँ नेकपाका रनबहादुर राईले पाएका ७ हजार ६६५ मत जोडिँदा सहजै जित्थे। तेह्रथुममा कांग्रेसका सन्तोष सुब्वा ११ हजार ५६१ मत ल्याएर विजयी हुँदा एमालेका भानुभक्त ढकाल झिनो मतले हारे। ढकालले पाएको १० हजार ६८२ मतमा नेकपाका रनध्वज लिम्बुले पाएको ९१९ मत जोडिँदा जित निस्कन्थ्यो।

भोजपुरमा श्रम संस्कृति पार्टीका ध्रुवराज राईले १६ हजार ६६३ मत पाउँदा एमालेका शेरधन राई १४ हजार ७५० मतमा रोकिएका थिए। जबकि नेकपाका अजम्बर राई काङमाङले पाएको ५ हजार ६२८ मत प्लस हुँदा सहजै जित्थे। यस्तै, खोटाङमा पनि श्रम संस्कृतिका आरेन राईले १६ हजार ६१२ मत पाउँदा एमालेका देवविक्रम राईले १२ हजार ७१४ मतमा रोकिए। यहाँ पनि नेकपाका हरि रोकाले पाएको ९ हजार ४४३ थप हुँदा जित निस्कन्थ्यो।

सोलुखुम्बुमा पनि एमाले र नेकपा मिल्दा कांग्रेसका प्रकाश सिंह कार्की रोकिन्थे। कार्कीले १३ हजार १६६ मत ल्याएर जित्दा नेकपाका अशिम राईले ९ हजार ४१४ र एमालेका कल्पना राईले ८ हजार २२८ मत ल्याएका थिए। ओखलढुङ्गामा रास्वपाका विश्वराज पोखरेलले १३ हजार ९५३ मत ल्याएर जित्दा नेकपाका अम्बिर बाबु गुरुङले ११ हजार २९६ मत पाएका थिए। जहाँ एमालेकी अस्मिता थापाले पनि १० हजार ७२० मत पाएकी थिइन्।

**बागमती**

मधेशमा रास्वपा एकै हाबी भए पनि दुई पार्टी मिल्दा बागमतीका ५ सीट जित्नसक्ने तथ्यांकले देखाएको छ। सिन्धुली १ मा रास्वपाका धनेन्द्र कार्कीले १६ हजार ६५९ मत पाउँदा एमालेका प्रदीपकुमार कटुवाल १५ हजार ८७५ मतमा रोकिएका थिए। नेकपाका डेकेन्द्रप्रसाद सुवेदीले पाएको ४ हजार ७०८ मत जोडिँदा जित निस्कन्थ्यो।

सिन्धुली २ मा पनि रास्वपाका आशिष गजुरेल १७ हजार ९४० मत ल्याएर विजयी हुँदा नेकपाका लेखनाथ दाहालले १४ हजार ७८० मत पाए। त्यहाँ एमालेका मनोजजंग थापाले पनि ११ हजार ६०६ मत पाएका थिए। यस्तै, रामेछापमा पनि रास्वपाका कृष्णहरी बुढाथोकी २४ हजार ८०८ मत ल्याएर जित्दा एमालेका माधव ढुङ्गेलले १७ हजार ६०९ मत पाएका थिए। त्यसमा नेकपाका श्यामकुमार श्रेष्ठले पाएको १३ हजार ३५४ मत थप हुँदा जित निस्कन्थ्यो। सिन्धुपाल्चोक १ मा पनि दुई दल मिल्दा जित निस्कनसक्थ्यो। रास्वपाका भरत पराजुलीले २४ हजार ४१२ मत ल्याएर जित्दा नेकपाका माधव सापकोटाले १७ हजार ३२७ र एमालेका सरेश नेपालले ११ हजार ९६१ मत पाएका थिए।

मकवानपुर २मा पनि उस्तै तथ्यांक देखिन्छ। प्रशान्त उप्रेती ३० हजार ५० मतसहित विजयी हुँदा एमालेका महेश बर्तौला १८ हजार ८४६ मतमा रोकिएका थिए। तर, नेकपाका लवशेर विष्टले पाएका १२ हजार ४९२ मत थपिदा जित निस्कन्थ्यो।

त्यस्तै नुवाकोट १ मा एमाले र नेकपा मिल्दा सहज जित निकाल्ने उनीहरुको मत देखिन्छ। त्यहाँ रास्वपाका विक्रम तिमल्सिनाले २२ हजार ९ मतले जित निकालेका छन्। नेकपाका हितवहादुर तामाङको १३ हजार ३७७ मत र एमालेका बद्री मैनालीको ८ हजार ९३२ मत जोड्दा जित निकाल्ने अवस्था देखिन्छ। यसपटक एमाले र नेकपाले पाएको मत थिग्रिएको र कार्यकर्ता आधारित मत भएकाले पनि कतिपय जिल्लामा २ दल मिल्दा केही मत थपिदा जितको वातावरण बन्ने अवस्था थियो। दोलखा,धादिङ लगायतका जिल्लामा पनि त्यसको असर पर्न सक्ने थियो।

**गण्डकी**

गण्डकी प्रदेशअन्तर्गत बागलुङ २ मा पनि दुई पार्टी मिल्दा जित निस्कन्थ्यो। रास्वपाका सोम शर्माले १२ हजार ६४७ मत पाएर जित्दा नेकपाका ज्ञामनाथ गैरेले १० हजार ७०९ र नेकपाका मञ्जु शर्माले ७ हजार ८६४ मत ल्याएका थिए।

**लुम्बिनी**

प्यूठानमा रास्वपाका सुशान्त वैदिकले २७ हजार ४६९ मत ल्याएर जित्दा एमालेका सूर्य थापा १६ हजार ७१० मतमा रोकिएका थिए। तर नेकपाका कृष्णध्वज खड्काले पाएको ९ हजार ७४ र राष्ट्रिय जनमोर्चाका तिलकबहादुर जीसीले पाएको ७ हजार ६५४ मत थप हुँदा जित्ने आधार बन्थ्यो।

कपिलवस्तु २ को अवस्था पनि उस्तै छ। रास्वपाका विक्रमसिंह थापाले २७ हजार ६३५ मत ल्याएर जित्दा पाउँदा नेकपाका बृजेश कुमार गुप्तले २० हजार ४८२ र एमालेका दृगनारायण पाण्डेयले ७ हजार ३५७ मत पाएका थिए।

बर्दिया २ पनि रास्वपाका श्रीधर पोखेल २९ हजार ६७८ मतसहित विजयी हुँदा नेकपाका सुरेश पन्थले १९ हजार १८० र एमालेकी विमला विकले १० हजार ७७२ मत पाएकी थिइन्। गुल्मी २ मा पनि रास्वपाका गोविन्द पन्थीले १६ हजार ९६७ मत पाउँदा एमालेका गोकर्ण विष्ट १६ हजार ४०६ मत पाएर हारेका थिए। तर, नेकपाका श्रीराम महतले पाएको ३ हजार ८१ मत पाउँदा जित्थे।

» बाँकी ३ पेजमा

## भदौ २४ को घटना प्रतिक्रान्ति : प्रचण्ड

बुटवल। नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डले देशको भौगोलिक अखण्डता माथि प्रहार भइरहेको बताएका छन्। पोखरामा आयोजित पार्टीको भेलालाई सम्बोधन गर्दै मुलुकले सुगौली सन्धियता ठूलो चुनौती सामना गर्नुपरेको बताए। उनले भने-'राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता नेपाली जनताको, भौगोलिक अखण्डता नेपालको निकै नै चुनौतीपूर्ण छ। जनताको वर्ग, श्रमजीवीमाथि प्रहार भएको छ। सुकुम्वासी, ट्रेड युनियन, सीमाको विषय छन्। मधेशको नाममा भोट लिएर मधेसको छातीमा प्रहार गर्ने काम भइराखेको छ।'

उनले राष्ट्र र जनता माथि प्रहार भइरहेको बताए। उनले गएको भदौ २३ र २४ को घटना प्रतिक्रान्तिकारी परिघटना भएको बताए। निर्वाचनको समीक्षा गर्दा २४ गतेको घटना प्रतिक्रान्तिकै निरन्तरताको रूपमा नै अगाडि आएको बताए। उनले थपे-'त्यसबेला हामीले निर्वाचनमा जानुको विकल्प त्यतिबेला देखेनौँ। फेरि अर्को दुर्घटना तुरुन्तै हुने हो कि भन्ने सन्त्रास देशभरि थियो। २४ देखि २६ भित्रको कुरा अर्को ठूलो दुर्घटना चर्चा परिचर्चा धेरै थिए। तपाईंहरूले पनि सुन्नुभयो होला नारायणहिटी सफा हुँदैछ, अब केही घण्टापछि अर्कै युगमा प्रवेश हुँदै छ भन्ने कुरा। पछि हामीले बुझ्दा सफा त गर्न लगाएकै रहेछन्।'

उनले देश एउटा असाधारण परिस्थितिबाट गुज्रेको बताए। देशलाई अर्को ठूलो दुर्घटनाबाट जोगाउनको लागि राष्ट्रपति, प्रधान सेनापतिलगायतको कुरा सुनेपछि चुनाव निष्कर्षमा पुगेको बताए। 'प्रचण्ड'ले पार्टी नेतृत्वले रणनीतिक लक्ष्यबाट विचलित हुँदै पद, पैसा र सत्तामुखी राजनीतिमा अल्झिएको स्वीकारेका छन्।

» बाँकी ३ पेजमा

## बालबालिकालाई पार्टी सदस्य बनाएकोमा रास्वपाबाट गल्ती स्वीकार

बुटवल। १८ वर्षभन्दा कम उमेरका ३५ हजारभन्दा बढी बालबालिकालाई पार्टीको सदस्यता दिएको विषयमा राष्ट्रिय मानवअधिकार आयोगले स्पष्टीकरण सोधेपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले उक्त तथ्याङ्क प्राविधिक त्रुटि मात्र भएको स्पष्ट पारेको छ।

रास्वपाको प्रथम महाधिवेशनमा प्रस्तुत सांगठनिक प्रतिवेदनमा १८ वर्षमुनिका ३५,२५७ जना व्यक्तिहरू पार्टी सदस्य रहेको तथ्याङ्क समावेश थियो। बालबालिकालाई पार्टी सदस्य बनाउनु प्रचलित कानुन र नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताविपरीत हुने भन्दै आयोगले गत सोमबार रास्वपाको केन्द्रीय कार्यालयलाई पत्राचार गरी आधिकारिक धारणा माग गरेको थियो।

आयोगको पत्र र चौतर्फी आलोचनापछि रास्वपाका महामन्त्री विपिन कुमार आचार्यले बुधबार एक विज्ञप्ति जारी गर्दै बालबालिकालाई सदस्यता बाँड्ने वा राजनीतिक गतिविधिमा संलग्न गराउने पार्टीको कुनै नीति वा संस्थागत उद्देश्य नरहेको प्रस्ट्याएका छन्।

महामन्त्री आचार्यका अनुसार महाधिवेशनमा प्रस्तुत गरिएको उक्त तथ्याङ्क आधिकारिक रूपमा प्रमाणित सदस्यताको अभिलेख नभई डिजिटल प्रणालीमा आवेदकले आफैँ भरेको प्रारम्भिक र 'कच्चा तथ्याङ्क' मात्र थियो। रास्वपाको डिजिटल प्रणाली (एप वा वेबसाइट) मार्फत जो कोहीले आवेदन दिन सक्ने खुला व्यवस्था छ। तर, आवेदन दिँदैमा सदस्यता स्वीकृत नहुने रास्वपाले जिकिर गरेको छ। विज्ञप्तिमा भनिएको छ, 'सदस्यता आवेदनका क्रममा विवरण स्वयं आवेदकले प्रविष्ट गर्ने व्यवस्था रहेकाले केही आवेदनहरूमा वि.सं. र ई.सं. पात्रो प्रणालीको गलत छनोट, जन्ममिति प्रविष्टिमा टाइपोग्राफिकल त्रुटि र जन्ममितिको सट्टा हालको मिति प्रविष्ट गरिएका कारण प्रणालीले केही आवेदकको उमेर वास्तविकभन्दा कम देखाएको हो।'

» बाँकी ३ पेजमा

## सवारी दुर्घटनाको प्रमुख कारण तीव्र गति : ट्राफिक प्रहरी



बुटवल। लुम्बिनी प्रदेशमा सवारी दुर्घटनाको प्रमुख कारण तीव्र गति (ओभरस्पिड) देखिए पनि त्यसविरुद्ध हुने कारबाही भने अत्यन्तै न्यून रहेको तथ्य सार्वजनिक भएको छ। दुर्घटनाको करिब ७० प्रतिशत कारण ओभरस्पिड देखिँदा पनि जेठ महिनाभर यस कसुरमा केवल ७ जना चालकमाथि मात्रै कारबाही भएको तथ्यांक ट्राफिक प्रहरीले सार्वजनिक गरेको छ। यसले ट्राफिक व्यवस्थापनको प्रभावकारितामाथि प्रश्न उठाएको छ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को जेठ महिनाको तथ्यांकअनुसार प्रदेशभर १५० वटा सवारी दुर्घटना हुँदा ४० जनाको मृत्यु भएको छ भने २५५ जना घाइते भएका छन्।

तीमध्ये ९९ वटा दुर्घटना अर्थात् करिब ७० प्रतिशत दुर्घटना तीव्र गतिका कारण भएको कार्यालयका प्रमुख प्रहरी उपरीक्षक निशान थापाले जानकारी दिए। तर दुर्घटनाको सबैभन्दा ठूलो कारण बनेको तीव्र गतिविरुद्ध भने जेठ महिनाभर केवल ७ जना चालकलाई मात्रै कारबाही गरिएको छ। यसबाट जम्मा ४ हजार ५ सय रुपैयाँ राजस्व संकलन भएको छ। यसको विपरीत, मादक पदार्थ सेवन (मापसे) गरेर सवारी चलाउने १ हजार १ सय १३ जना चालक कारबाहीमा परेका छन्। मापसेबाट मात्रै ६ लाख १ हजार रुपैयाँ राजस्व संकलन भएको छ भने लागुऔषध सेवन गरेर सवारी चलाएका ९ जना चालकविरुद्ध मुद्दा चलाइएको छ।

दुर्घटनाको कारण विश्लेषण गर्दा तीव्र गतिपछि चालकको असक्षमता दोस्रो प्रमुख कारण बनेको देखिएको छ। चालकको असक्षमताका कारण १८ वटा दुर्घटना भएका छन् भने मापसेका कारण १७ वटा दुर्घटना भएका छन्। त्यसैगरी अनावश्यक ओभरटेकका कारण २, मोबाइल फोन प्रयोग, निद्रा वा थकान तथा लेन अनुशासन उल्लंघनका कारण १/१ वटा दुर्घटना भएका छन्।

» बाँकी ३ पेजमा

## एजुकेसन कन्सल्टेन्सी चलाउन १३ मापदण्ड अनिवार्य




बुटवल। सरकारले शैक्षिक परामर्श संस्था (एजुकेसन कन्सल्टेन्सी) सञ्चालन तथा नवीकरणका लागि १३ वटा अनिवार्य मापदण्ड प्रस्ताव गरेको छ। शिक्षा क्षेत्रमा गुणस्तरीय सेवा सुनिश्चित गर्ने, विद्यार्थीको हित संरक्षण गर्ने तथा कन्सल्टेन्सीहरूको सञ्चालनलाई व्यवस्थित बनाउने उद्देश्यले शिक्षा मन्त्रालयले नयाँ व्यवस्था अघि सारेको हो।

शिक्षा मन्त्रालयले तयार पारेको 'शैक्षिक परामर्श संस्था सञ्चालनसम्बन्धी नियमावली'को मस्यौदा हाल अर्थ मन्त्रालय हुँदै कानुन मन्त्रालयमा जाने प्रक्रियामा रहेको मन्त्रालय स्रोतले जनाएको छ।

प्रस्तावित मापदण्डमा कन्सल्टेन्सीसँग आफ्नै कार्यालय भवन वा कम्तीमा तीन वर्षको घरभाडा सम्झौता हुनुपर्नेछ। संस्थाको इमेल, वेबसाइट र टेलिफोन अनिवार्य रूपमा सञ्चालनमा हुनुपर्ने व्यवस्था पनि गरिएको छ।

त्यस्तै, संस्था औद्योगिक क्षेत्र वा मूल सडकबाट केही टाढा भए पनि दमकल र एम्बुलेन्स सहजै पुग्न सक्ने स्थानमा हुनुपर्ने प्रस्ताव गरिएको छ। कार्यालय रहेको भवनको कोठाको सिलिङ कम्तीमा नौ फिट उचाइको, पर्याप्त प्राकृतिक प्रकाश र क्रस भेन्टिलेसन भएको वा वातानुकूलित हुनुपर्ने मापदण्ड राखिएको छ।

मस्यौदामा भवन भूकम्प प्रतिरोधी प्रविधिबाट निर्माण भएको हुनुपर्ने, फायर फाइटिङ प्रणाली जडान गरिएको हुनुपर्ने तथा प्रशासनिक कार्यका लागि छुट्टै कार्यकक्षको व्यवस्था अनिवार्य गरिएको छ।

यसैगरी, भवन तथा पूर्वाधार अपाङ्गतामैत्री हुनुपर्ने, महिला, पुरुष र अपाङ्गतामैत्री छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्नुपर्ने तथा बहुमञ्जिला भवनमा प्रत्येक तलामा शौचालय हुनुपर्ने उल्लेख छ।

कन्सल्टेन्सीले विद्यार्थीलाई निःशुल्क स्वच्छ खानेपानी उपलब्ध गराउनुपर्ने, सन्दर्भ सामग्री, विषयगत जर्नल, म्यागजिन, समाचारपत्रसहितको पुस्तकालय तथा अध्ययनका लागि उपयुक्त स्थानको व्यवस्थालगायतका प्रावधान पनि राखिएको छ।




## सम्पादकीय

# किसानका सास्ती

बँदेल र बाँदरले मकै नष्ट गरेपछि किसानका अनेक सास्ती छन् । तिनै सास्तीबाट बच्न विद्युतीय धराप थापेका गुल्मीको धुर्कोट–५ मन्टारीका भेषराज भण्डारीले श्रीमती हुमकला भण्डारीलाई गुमाए । मानव-वन्यजन्तु द्वन्द्वको असर कति भयावह बन्दैछ भन्ने यो एउटा उदाहरण हो । गत वर्ष पाल्पामा बँदेललाई प्रहार गरेको बन्दुकको गोली लाग्दा एकजनाको ज्यान गयो ।

पहिले मानव-वन्यजन्तु द्वन्द्वको विषय राष्ट्रिय निकुञ्ज र शिकार आरक्ष क्षेत्र आसपास क्षेत्रमा हुन्थ्यो । निकुञ्ज आसपासको बस्तीका बासिन्दाका सास्ती बेग्लै छन् । अब यो समस्या निकुञ्ज सेरोफेरोमा मात्रै रहेन । अब हरेक गाउँमा पसेको छ । पहाडका बस्ती रित्तिँदै जाँदा वन्यजन्तु बढेका छन् । उनीहरु आहाराका लागि गाउँका घर-घर पुग्न थालेका छन् । यसले किसानको खेतीबाली नष्ट भएको छ । नागरिकले ज्यान नै गुमाउनुपर्ने बाध्यता आइलागेको छ । गाउँमा खेती गर्न सकस पर्न थालेको छ । लगाएको खेती स्याहार्न पाइन्छ भन्ने ढुक्क नभएपछि किसानलाई सास्ती छ । वन्य जन्तुकै कारण खेतीको उत्पादन लागत उठ्न समेत हम्मे हम्मे परेको छ ।

२०७९ सालको स्थानीय चुनावमा भोट माग्नेलाई किसानले भने,-बाँदर नियन्त्रण गर्ने उम्मेदवारलाई भोट । बाँदरको सास्ती भोगेका किसानका यी समस्या चुनाव जितेकाहरुले त पूरा गरेनन्, अन्यत्र कतैबाट समस्या समाधान हुन्छ कि भन्ने आशा पनि बेकार भै भएको छ । गत फागुनमा भएको चुनावमा भोट माग्न आएका उम्मेदवारलाई गाउँलेले भने,- अरु केही गर्नुपर्दैन, विकास भएकै छ, अब बाँदर र बँदेल नियन्त्रण गरिदिनुस्, खेती जोगाउनै सकिएन । चुनावमा उम्मेदवार सामु अनुनय विनय गरेका किसानका दुःख उस्तै छन्, संसदमा बाँदर नियन्त्रणको विषय सुस्त भए पनि उठेको छ, तर समस्या समाधानको बाटो पहिल्याउन अझै सम्भव भएको छैन । किसान खेती जोगाउन धराप थाप्न बाध्य छन्, त्यही पासोमा परिवारकै सदस्य गुमाएर प्रहरी नियन्त्रणमा जानु पर्ने बाध्यता छ ।

गुल्मी धुर्कोटका भण्डारी परिवारको यो समस्या केवल धुर्कोटको मात्रै होइन, यो मध्यपहाडको तस्विर हो, यसले रित्तिँदै गएको मध्य पहाडलाई अझै रित्ताउन बल पुऱ्याउने छ । मध्य पहाड समृद्धिको खानी हो, तर वन्यजन्तुलाई नियन्त्रण गर्न नसक्दा मध्य पहाडमा मान्छे बस्नै नसक्ने अवस्था भएको छ । नागरिकले उत्पादन गरेको अन्नवाली जोगाउन नसकेपछि बाँझो खेतबारी कुरेर कति दिन को बस्ला ? अब सरकारले प्राथमिकतासाथ वन्यजन्तु नियन्त्रणको पहलकदमी लिनुपर्छ । वन्यजन्तु नियन्त्रणको पहलकदमी लिएर मध्य पहाडलाई समृद्धिको बाटोमा अघि बढाउनुपर्छ ।

# दिगो पूर्वाधार निर्माणमा प्राकृतिक विपतको चुनौती



**मनीषा थापा**

नेपालको दिगो विकास भू-प्रकोप जोखिम न्यूनीकरणसँग प्रत्यक्ष रूपमा जोडिएको छ । आजको प्रमुख प्रश्न 'कति विकास गर्ने ?' भन्ने होइन, 'कस्तो विकास गर्ने ?' र 'कसरी सुरक्षित तथा दिगो बनाउने ?' भन्ने हो । यदि विकास प्रक्रियामा भू-प्रकोप जोखिमलाई बेवास्ता गरियो भने भोलिका पूर्वाधार नै नयाँ विपत्का स्रोत बन्न सक्छन् ।

नेपाल हिमालय क्षेत्रको सक्रिय टेक्टोनिक पट्टीमा अवस्थित भौगोलिक रूपमा आकर्षक, तर प्राकृतिक जोखिमका दृष्टिले अत्यन्त संवेदनशील राष्ट्र हो । हिमाल, पहाड र तराईसम्म फैलिएको विविध भू-बनोटले विकासका प्रशस्त सम्भावना प्रदान गरे पनि यही भू-परिवेशले नेपाललाई बहुआयामिक प्राकृतिक प्रकोपको उच्च जोखिममा समेत राखेको छ । पछिल्ला वर्षमा मनसुनजन्य वर्षाको तीव्रता र अनियमितता बढ्दै जाँदा बाढीपहिरो, डुबान, हिमताल विस्फोट तथा अन्य जलवायुजन्य विपत्का घटना उल्लेखनीय रूपमा वृद्धि भएका छन् । यसले दिगो पूर्वाधार विकास र विपत् जोखिम न्यूनीकरणलाई राष्ट्रिय प्राथमिकताको विषय बनाएको छ ।

नेपाल भूकम्पीय सक्रियता, मनसुनजन्य पहिरो, तराईका बाढी तथा जलवायु परिवर्तनबाट उत्पन्न जोखिमको संगम हो । हिमाली क्षेत्रमा तीव्र गतिमा भइरहेको हिमनदी पग्लने प्रक्रिया र नयाँ-नयाँ जोखिमयुक्त हिमतालको विकासले भविष्यमा अझ गम्भीर चुनौतीको संकेत गरिरहेको छ । यस सन्दर्भमा दिगो पूर्वाधार निर्माण र भू-प्रकोप जोखिम न्यूनीकरणलाई विकास नीतिको केन्द्रमा राख्नु आजको अपरिहार्य आवश्यकता हो ।

पछिल्ला वर्षमा नेपालमा सडक सञ्जाल विस्तार, जलविद्युत् आयोजना, सहरी विकास तथा अन्य भौतिक पूर्वाधार निर्माण तीव्र गतिमा अगाडि बढेका छन् । यद्यपि यस्ता परियोजनाको योजना तथा कार्यान्वयनका क्रममा पर्याप्त भूगर्भीय अध्ययन, भू-प्राविधिक परीक्षण तथा जोखिम मूल्यांकनलाई अपेक्षित महत्व दिएको देखिन्न । फलस्वरूप, कतिपय अवस्थामा निर्मित संरचना नै विपत्का कारक बन्न पुगेका छन् ।

विशेषगरी पहाडी क्षेत्रमा सडक निर्माणका क्रममा अवैज्ञानिक ढंगले ढलान कटान, अपर्याप्त जलनिकास व्यवस्थापन तथा पहिरो नियन्त्रणका उपायको बेवास्ताले वर्षायाममा ठुलो मात्रामा पहिरो निम्त्याउने गरेको छ । त्यसैगरी नदीको प्राकृतिक बहाव क्षेत्रमा बस्ती विस्तार, बाढी प्रभावित क्षेत्रमा अनियन्त्रित निर्माण तथा कमजोर संरचनात्मक डिजाइनले बाढी र पहिरोबाट हुने जनधनको क्षतिलाई थप बढाएको छ ।

दिगो पूर्वाधार भनेको केवल बलियो संरचना निर्माण मात्र होइन, यसले वातावरणीय सन्तुलन, सामाजिक समावेशिता, आर्थिक व्यवहार्यता र दीर्घकालीन जोखिम न्यूनीकरणलाई समेत समेट्नुपर्छ । स्थानीय भूगोल, जलवायु परिवर्तनको प्रभाव र सामाजिक आवश्यकतालाई बेवास्ता गरेर निर्माण गरिएका पूर्वाधारले अल्पकालीन लाभ दिए पनि दीर्घकालमा ठुलो क्षति निम्त्याउन सक्छन् । त्यसैले, अबको विकास दृष्टिकोण जोखिम-सचेत, जलवायु-उत्थानशील र वैज्ञानिक आधारमा निर्देशित हुनुपर्छ ।

नेपालमा 'विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४' लगायतका नीतिगत तथा कानुनी प्रबन्ध विद्यमान छन् । तर, कार्यान्वयनको कमजोरी, संस्थागत समन्वयको अभाव, प्राविधिक जनशक्तिको कमी, अपर्याप्त बजेट तथा अल्पकालीन राजनीतिक प्राथमिकताले अपेक्षित परिणाम हासिल हुन सकेको छैन । अझै पनि विपत् व्यवस्थापन प्रणाली पूर्वतयारी र जोखिम न्यूनीकरणभन्दा राहत तथा पुनर्निर्माणमा बढी केन्द्रित देखिन्छ ।

विगतका घटनाले यस वास्तविकतालाई स्पष्ट रूपमा पुष्टि गरेका छन् । १२ जुलाई २०२४ मा चितवनको सिमलताल क्षेत्रमा गएको विनाशकारी पहिरोले दुई यात्रुवाहक बस त्रिशूलीमा बगाउँदा ठुलो मानवीय क्षति भयो । विभिन्न प्राविधिक अध्ययनले सडक विस्तारका क्रममा गरिएको असन्तुलित ढलान कटानले उक्त क्षेत्रमा भू-अस्थिरता बढाएको संकेत गरेका छन् । त्यसैगरी, बीपी राजमार्गमा रोशीको बाढी, तराईमा दोहोरिने विनाशकारी बाढी तथा खुम्बु क्षेत्रको थामे गाउँमा भएको हिमताल विस्फोटजन्य बाढीले विकास र विपत् व्यवस्थापनबिचको अन्तरसम्बन्धलाई उजागर गरेका छन् ।

यस परिस्थितिमा पूर्वाधार विकासका प्रत्येक चरणमा विस्तृत भूगर्भीय तथा भू-प्राविधिक अध्ययनलाई अनिवार्य बनाइनुपर्छ । जमिनको स्थायित्व, ढलानको अवस्था, भूकम्पीय जोखिम, भू-जल प्रणाली तथा जलवायुजन्य प्रभावको वैज्ञानिक विश्लेषणविना निर्माण गरिएका परियोजना दीर्घकालीन रूपमा सुरक्षित हुन सक्दैनन् । ठुला आयोजना मात्र होइन, साना तथा मध्यमस्तरका परियोजनामा समेत योग्य प्राविधिकको संलग्नता सुनिश्चित गरिनु आवश्यक छ ।

भू-उपयोग योजनाको पनि प्रभावकारी कार्यान्वयन जरुरी छ । जोखिमयुक्त क्षेत्रमा बस्ती विस्तार, नदीकिनारमा अनियन्त्रित निर्माण तथा पहिरो सम्भावित क्षेत्रमा पूर्वाधार विकासलाई नियन्त्रण गर्न स्पष्ट नक्सांकन, कडा कानुनी व्यवस्था र प्रभावकारी अनुगमन प्रणाली आवश्यक छ । प्रविधिको प्रयोगले पनि जोखिम न्यूनीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ । भू-सूचना प्रणाली, रिमोट सेन्सिङ, ड्रोन प्रविधि तथा प्रारम्भिक चेतावनी प्रणालीको एकीकृत प्रयोगबाट जोखिम पहिचान, निगरानी र पूर्वानुमानलाई थप प्रभावकारी बनाउन सकिन्छ । त्यसैगरी ढलान स्थिरीकरणका लागि जैव-इन्जिनियरिङ तथा वैज्ञानिक जलनिकास व्यवस्थापनलाई पूर्वाधार डिजाइनको अभिन्न अंग बनाइनुपर्छ ।

दिगो पूर्वाधार निर्माणमा स्थानीय समुदायको सहभागिता पनि उत्तिकै महत्वपूर्ण छ । स्थानीय अनुभव, परम्परागत ज्ञान र आधुनिक वैज्ञानिक प्रविधिको संयोजनले विकासलाई थप सुरक्षित, व्यावहारिक र दिगो बनाउन सक्छ । स्थानीय तह, प्राविधिक निकाय र समुदायबिचको सहकार्यले जोखिम पहिचानदेखि विपत् व्यवस्थापनसम्मका सम्पूर्ण प्रक्रियालाई सुदृढ बनाउन सघाउँछ ।

अन्ततः नेपालको दिगो विकास भू-प्रकोप जोखिम न्यूनीकरणसँग प्रत्यक्ष रूपमा जोडिएको छ । आजको प्रमुख प्रश्न 'कति विकास गर्ने ?' भन्ने होइन, 'कस्तो विकास गर्ने ?' र 'कसरी सुरक्षित तथा दिगो बनाउने ?' भन्ने हो । यदि विकास प्रक्रियामा भू-प्रकोप जोखिमलाई बेवास्ता गरियो भने भोलिका पूर्वाधार नै नयाँ विपत्का स्रोत बन्न सक्छन् ।

नयाँ पत्रिकाबाट

# एक गिलास कागती पानी : स्वस्थ जीवनतर्फको सरल कदम

**पुष्कर चिराल जोशी**

स्वस्थ जीवनशैली अपनाउनका लागि सधैं जटिल र महँगा उपायहरू नै रोज्नुपर्छ भन्ने छैन । कतिपय अवस्थामा हाम्रा साना र सरल बानीहरूले पनि स्वास्थ्यमा ठूलो र सकारात्मक परिवर्तन ल्याउन सक्छन् । यस्तै एउटा सहज, सस्तो र अत्यन्तै लोकप्रिय बानी हो–बिहान उठ्नेबित्तिकै एक गिलास मनतातो कागती पानी पिउनु ।

हालैका वर्षहरूमा स्वास्थ्यप्रति सचेत मानिसहरूका बीच कागती पानी एक लोकप्रिय पेय बनेको छ । कागती र पानीको यो सामान्य मिश्रण स्वादिलो मात्र होइन, शरीरका लागि आवश्यक विभिन्न प्राकृतिक पोषक तत्वहरूको स्रोत पनि हो ।

तपाईंले आफ्नो दिन कसरी सुरु गर्नुहुन्छ भन्ने कुराले बाँकी दिनलाई असर गर्न सक्छ । धेरै स्वास्थ्य सुझावहरू उपलब्ध भए पनि सबैभन्दा सरल र प्रभावकारी सुझावहरूमध्ये एकमा केवल एउटा कागती र केही पानी समावेश छ । बिहान सबेरै एक गिलास मनतातो कागती पानी पिउनु शरीरलाई ताजगी दिनुका साथै स्वस्थ जीवनशैलीको राम्रो सुरुवात हुन सक्छ ।

कागती पानी भनेको ताजा कागतीको रस मिसाइएको पानी हो । व्यक्तिगत रुचिअनुसार यसलाई तातो वा चिसो पिउन सकिन्छ । केही मानिसहरूले स्वाद र विविधताका लागि मह, पुदिना वा केही मसला पनि थप्ने गर्छन् ।

पौष्टिक रूपमा कागतीको रस भिटामिन सी, फ्लेभोनोइड्स तथा थोरै मात्रामा पोटासियम र म्याग्नेसियमले भरिपूर्ण हुन्छ । यसमा क्यालोरी पनि कम हुन्छ, जसले यसलाई स्वस्थ आहारको राम्रो हिस्सा बनाउँछ ।

**कागती पानीको पौष्टिक महत्त्व**

कागती सानो भए पनि यसमा प्रशस्त पोषक तत्त्वहरू पाइन्छन् ।

भिटामिन सी : छाला तथा रोग प्रतिरोधात्मक क्षमताका लागि उपयोगी ।

साइट्रिक एसिड : पाचन प्रक्रिया र मिर्गौलाको स्वास्थ्यमा सहयोगी ।

क्याल्सियम : हड्डी र दाँतको मजबुतीका लागि आवश्यक ।

पोटासियम : रक्तचाप तथा स्नायु प्रणालीको सन्तुलनमा सहयोगी ।

एन्टिअक्सिडेन्ट र फ्लेभोनोइड्स : कोषहरूलाई क्षतिबाट जोगाउन मद्दत गर्ने ।

कागती पोषणका दृष्टिले अत्यन्तै महत्वपूर्ण फल हो । यसमा विशेष गरी भिटामिन सी प्रशस्त मात्रामा पाइन्छ । पानीमा कागती मिसाएर पिउँदा शरीरले यी पोषक तत्त्वहरू सजिलै प्राप्त गर्न सक्छ र साथमा शरीरमा आवश्यक तरल पदार्थको पूर्ति पनि हुन्छ ।

**कागती पानी पिउनुका १० प्रमुख स्वास्थ्य लाभ**

१. **शरीरलाई पर्याप्त हाइड्रेट राख्छ**

मानव शरीरको अधिकांश हिस्सा पानीले बनेको हुन्छ । शरीरका सबै अंगहरूलाई सुचारु रूपमा सञ्चालन गर्न पानी आवश्यक पर्छ । धेरैजसो मानिसहरूले दिनभर पर्याप्त पानी पिउँदैनन् । कागती मिसाउँदा पानी स्वादिलो हुने भएकाले यसले पानी पिउने बानी बढाउन मद्दत गर्छ र शरीरमा डिहाइड्रेसन (पानीको कमी) हुन दिँदैन ।

२. **रोग प्रतिरोधात्मक क्षमता बलियो बनाउन सहयोग गर्छ**

कागतीमा पाइने भिटामिन सी शरीरको प्रतिरक्षा प्रणालीका लागि महत्वपूर्ण पोषक तत्व हो । यसले शरीरलाई विभिन्न संक्रमणविरुद्ध लड्न सहयोग गर्छ । नियमित रूपमा कागती पानी सेवन गर्दा प्रतिरक्षा प्रणालीलाई समर्थन मिल्न सक्छ ।

३. **पाचन प्रणालीलाई सक्रिय र सहज बनाउँछ**

बिहान खाली पेटमा मनतातो कागती पानी पिउँदा पाचन प्रक्रियालाई सक्रिय बनाउन मद्दत पुग्न सक्छ । यसमा हुने साइट्रिक एसिडले पाचन रसको उत्पादनलाई सहयोग पुऱ्याउँछ । यसले कब्जियत, पेट फुल्ने र अपचजस्ता समस्यामा केही राहत दिन सक्छ ।

४. **छालाको स्वास्थ्यमा सुधार ल्याउन सहयोग गर्छ**

स्वस्थ र चम्किलो छालाका लागि भित्रैदेखि पोषण आवश्यक हुन्छ । कागतीमा पाइने भिटामिन सीले कोलाजेन उत्पादनमा सहयोग गर्छ, जसले छालाको लचिलोपन कायम राख्न मद्दत गर्छ । साथै यसमा रहेका एन्टिअक्सिडेन्टहरूले वातावरणीय प्रदूषण तथा अन्य हानिकारक तत्वबाट हुने क्षतिको प्रभाव कम गर्न सहयोग गर्न सक्छन् ।

५. **मानसिक ताजगी र ऊर्जा प्रदान गर्छ**

कागतीको प्राकृतिक सुगन्ध र हल्का अमिलो स्वादले बिहान ताजगीको अनुभूति गराउन सक्छ। चिया वा कफीको विकल्पका रूपमा कागती पानी सेवन गर्दा शरीरलाई हल्का र स्फूर्त महसुस हुन सक्छ ।

नोट : कफी वा चियामा हुने क्याफिनमा निर्भरता कम गर्न चाहनेहरूका लागि कागती पानी उपयोगी विकल्प हुन सक्छ ।

६. **मुखको दुर्गन्ध कम गर्न मद्दत गर्छ**

बिहान उठ्दा मुख सुख्खा हुने र दुर्गन्ध आउने समस्या धेरैमा देखिन्छ । कागती पानीले मुखभित्रको वातावरण ताजा बनाउन सहयोग गर्न सक्छ र केही ब्याक्टेरियाको वृद्धि कम गर्न मद्दत पुऱ्याउन सक्छ ।

७. **तौल व्यवस्थापनमा सहयोग पुऱ्याउँछ**

कागती पानी आफैंमा तौल घटाउने कुनै "चमत्कारी औषधि" होइन । तर, चिनीयुक्त चिया, कफी वा सफ्ट ड्रिंक्सको सट्टा कागती पानी पिउँदा अतिरिक्त क्यालोरीको सेवन कम गर्न सकिन्छ । साथै, कागतीमा पाइने पेक्टिन फाइबरले पेट भरिएको महसुस गराउन सहयोग गर्न सक्छ ।

८. **मिर्गौलाको पत्थरी बन्ने जोखिम कम गर्न सहयोगी हुन सक्छ**

कागतीमा साइट्रेट पाइन्छ । केही अध्ययनहरूका अनुसार साइट्रेटले पिसाबमा खनिजहरू जम्मा भएर पत्थरी बन्ने प्रक्रियालाई कम गर्न सहयोग गर्न सक्छ । यसले मूत्र प्रणालीको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्न सक्छ ।

९. **रक्तचाप र स्नायु प्रणालीको सन्तुलनमा सहयोग गर्छ**

कागतीमा पाइने पोटासियमले रक्तचाप सन्तुलनमा राख्न तथा मुटुको सामान्य कार्यसम्पादनमा सहयोग पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्छ । यसले स्नायु प्रणालीलाई पनि आवश्यक सहयोग प्रदान गर्छ ।

१०. **अक्सिडेटिभ तनावबाट जोगाउन मद्दत गर्छ**

कागती एन्टिअक्सिडेन्टको राम्रो स्रोत हो । यसले शरीरमा फ्री रेडिकलका कारण हुने अक्सिडेटिभ तनाव कम गर्न मद्दत गर्छ। दीर्घकालीन रूपमा यसले समग्र स्वास्थ्य संरक्षणमा सकारात्मक योगदान दिन सक्छ ।

**कागती पानी सेवन गर्दा अपनाउनुपर्ने सावधानीहरू**

कागती पानी स्वास्थ्यका लागि सामान्यतया सुरक्षित मानिए पनि केही कुरामा ध्यान दिन आवश्यक छ ।

**दाँतको सुरक्षा**

कागती अम्लीय हुने भएकाले यसको अत्यधिक सेवनले दाँतको बाहिरी सुरक्षात्मक तह (इनामेल) मा असर पर्न सक्छ । त्यसैले कागती पानी पिएपछि सफा पानीले मुख कुल्ला गर्नु उपयुक्त हुन्छ । स्ट्र प्रयोग गरेर पिउँदा पनि दाँतमा पर्ने प्रत्यक्ष असर कम गर्न सकिन्छ ।

**ग्यास्ट्रिक, एसिडिटी वा अल्सर भएका व्यक्तिहरू**

अम्लपित्त, ग्यास्ट्रिक वा पेटको अल्सर भएका व्यक्तिहरूले खाली पेटमा धेरै अमिलो पेय सेवन गर्दा असहजता बढ्न सक्छ । यस्ता व्यक्तिहरूले चिकित्सक वा पोषणविद्को सल्लाह लिनु उपयुक्त हुन्छ ।

**अत्यधिक सेवन नगर्ने**

दिनमा १ देखि २ पटकसम्म कागती पानी पिउनु पर्याप्त मानिन्छ । अत्यधिक सेवन गर्दा पेट पोल्ने, एसिडिटी बढ्ने वा अन्य असुविधा हुन सक्छ ।

**उपयुक्त मात्रा**

१ गिलास पानीमा आधा देखि १ वटा कागतीको रस ।

दिनमा १-२ पटक सेवन गर्न सकिन्छ ।

**ध्यान दिनुपर्ने कुराहरू**

धेरै कागती पानी पिउँदा पेट पोल्ने, ग्यास्ट्रिक बढ्ने वा दाँतको इनामेलमा क्षति पुग्न सक्छ ।

ग्यास्ट्रिक, अल्सर वा एसिडिटीको समस्या भएकाहरूले खाली पेटमा सेवन गर्दा सावधानी अपनाउनुपर्छ ।

कागती पानी पिएपछि साधारण पानीले मुख कुल्ला गर्नु दाँतका लागि लाभदायक हुन्छ ।

कागती पानीले शरीरलाई हाइड्रेट राख्न मद्दत गर्छ, तर यो कुनै विशेष रोगको उपचार भने होइन ।

कागती पानीका धेरै फाइदाहरू भए पनि अत्यधिक सेवनले कतिपय व्यक्तिमा एसिड रिफ्लक्स, दाँतको संवेदनशीलता वा पेटसम्बन्धी असुविधा निम्त्याउन सक्छ । यस्ता लक्षण देखिएमा स्वास्थ्यकर्मीसँग परामर्श गर्नु उपयुक्त हुन्छ ।

**निष्कर्ष**

कागती पानी एक सरल, सस्तो र सजिलै उपलब्ध हुने पेय हो । यसले शरीरलाई हाइड्रेट राख्न, भिटामिन सी प्राप्त गर्न तथा स्वस्थ जीवनशैली अपनाउन सहयोग पुऱ्याउन सक्छ । यद्यपि, यसलाई कुनै रोगको उपचारको विकल्पका रूपमा लिनु हुँदैन । सन्तुलित आहार, नियमित व्यायाम र स्वस्थ बानीहरूसँगै कागती पानीको उचित सेवनले समग्र स्वास्थ्यमा सकारात्मक योगदान दिन सक्छ । स्वास्थ्य खबरबाट

# नेप्से परिसूचकमा ४४ अङ्कको वृद्धि



काठमाडौं । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार उच्च अङ्कले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ४४ दशमलव ५९ अङ्कले उकालो लागेर दुई हजार ६५२ दशमलव ९३ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव ७७ अङ्कले उकालो लागेर ४५८ दशमलव ५७ मा पुगेको छ । कूल ३६२ कम्पनीको ९५ लाख ४७ हजार ६७८ कित्ता शेयर रु तीन अर्ब ८६ करोड ११ लाख ८३ हजार चार सय १० मूल्यमा खरिद बिक्री भएको छ । सबै उपसमूहको शेयर मूल्यमा वृद्धि भएको छ ।

कारोबारका आधारमा लक्ष्मी सनराइज बैंक शीर्ष स्थानमा छ । यस्तै, रिलायन्स स्पिनिङ मिल्स, आँखु खोला जलविद्युत् कम्पनी, एनआरएन इन्फास्ट्रक्चर एण्ड डेभलपमेन्ट र एनआइएमबी डिवेञ्चर २०९० शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार, स्नो रिभर लिमिटेड, सिवाइसी नेपाल लघुवित्त, भुजुङ हाइड्रोपावर, कुर्थली बुखरी स्मल हाइड्रोपावरका लगानीकर्ताले कमाएका छन् । यस्तै, कर्पोरेट डेभलपमेन्ट बैंक, एनएमबी डिवेञ्चर, धौवागिरी लघुवित्त, अप्पर स्याङ्गे हाइड्रोपावर र महालक्ष्मी डिवेञ्चरका लगानीकर्ताले भने गुमाएका छन् ।

कारोबारमा २५२ कम्पनीको शेयर मूल्य बढ्दा १७ कम्पनीको मात्रै घटेको छ । यस्तै, छ वटा कम्पनीको भने कुनै परिवर्तन भएन ।

# मानव र वन्यजन्तुबिच बढ्दो द्वन्द्व अवस्था

**विष्णुप्रसाद गौडेल**

तनहुँमा पछिल्लो दशकयता चितुवाको आक्रमण मानव-वन्यजन्तु द्वन्द्वको गम्भीर चुनौतीका रूपमा देखा परेको छ । विशेषगरी बालबालिका चितुवाको निशानामा पर्ने गरेका छन् । जिल्लामा हुने अधिकांश आक्रमण साँझको समयमा हुने गरेका छन् । वन क्षेत्र नजिकका बस्तीमा चितुवाको उपस्थितिसँगै स्थानीयवासी त्रसित बन्न बाध्य छन् ।

तनहुँमा साँझ ५ बजेदेखि ८ बजेसम्मको अवधिमा चितुवाको आक्रमण बढी भएको पाइएको छ । जिल्लामा नौ वर्षको अवधिमा चितुवाको आक्रमणबाट १७ जनाको मृत्यु भएको छ । उक्त घटनामध्ये २२ वटा घटना साँझ ५ बजेदेखि ८ बजेसम्मको अवधिमा भएको डिभिजन वन कार्यालय तनहुँले जनाएको छ ।

चितुवाको आक्रमणबाट मृत्यु भएका १७ जनामध्ये १३ जनाको मृत्यु साँझको समयमा भएको डिभिजन वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाटले जानकारी दिए । साँझको समयमा घरआँगन वा बाटोमा खेलिरहेको अवस्थामा चितुवाले आक्रमण गरेको देखिएको रानाभाटले जानकारी दिए । बिहानको समयमा आक्रमण भएका घटनामा खेतबारी, गोठ तथा घर आसपासमा चितुवासँग जम्काभेट हुँदा घटना घटेका छन् ।

साँझ ५ बजेदेखि ८ बजेसम्मको समयमा २२ घटना घटेकामा १३ जनाको मृत्यु, नौ जना घाइते भएका छन् । बिहान ३ बजेदेखि ८ बजेसम्मको अवधिमा भएको सात घटनामा दुई जनाको मृत्यु र पाँच जना घाइते भएको रानाभाटले बताए । त्यस्तै दिउँसो १२ बजेदेखि ५ बजेसम्म सात घटना भएकामा एक जनाको मृत्यु र छ जना घाइते भएका छन् भने राति ८ बजेपछि भएको दुई घटनामा एक जनाको मृत्यु र एक जना घाइते भएका छन् ।

दिनभरि झाडी, भीरपाखा तथा वन क्षेत्रमा लुकेर बस्ने चितुवा साँझपख सक्रिय हुन थाल्छ । यही समयमा मानिसहरू पनि खेतबारीबाट घर फर्किने, बालबालिका घरआँगनमा खेल्ने तथा पशु चौपाया गोठतर्फ ल्याउने गतिविधि हुने भएकाले मानव र चितुवाबीच जम्काभेटको सम्भावना बढ्दो रहेको रानाभाटको भनाइ छ ।

उनका अनुसार चितुवाको आक्रमणबाट पाँच वर्ष मुनिका चार जनाको मृत्यु र दुई जना घाइते, १० वर्षमुनिका दश जनाको मृत्यु र छ जना घाइते भएका छन् । एघारदेखि १५ वर्षसम्मका एक जनाको मृत्यु र दुई जना घाइते, १६ देखि ३० वर्षसम्मका दुई जना घाइते, ३१ देखि ५० वर्षसम्मका सात जना घाइते, ५० भन्दामाथिको दुई जना घाइते भएका छन् । आर्थिक वर्ष २०७४/७५ मा एक, २०७५/७६ मा दुई, २०७६/७७ मा पाँच, २०७७/७८ मा एक, २०७८/७९ मा एक, २०७९/८० मा तीन, २०८१/८२ मा एक र २०८२/८३ मा एक जनाको मृत्यु भएको छ ।

चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्यालो बनाउन, एक्लै नहिँड्न सचेतनामूलक गरिँदै आएको उनको भनाइ छ । "चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्ज्यालो बनाऔं, झाडी सफा गरौं, एक्लै नहिँडौं", उनले भने-"बच्चा तथा वृद्धहरुको विशेष ख्याल र रेखदेख गरौ ।"

मृग, वन कुखुरालगायत वन्यजन्तु मानिसले शिकार गरिदिँदा वनमा शिकारको अभाव भई चितुवाले मानिसको शिकार गर्न थालेको उनले बताए । जङ्गल फँडानी गरेर बस्ती बसाल्ने, जङ्गली जनावर मारेर खाइदिने कारणले गर्दा र मानव र वन्यजन्तुबिच द्वन्द्व बढ्दो अवस्थामा रहेको छ । "तनहुँमा विशेषगरी चितुवाको समस्या रहेकाले चितुवाको स्वभाव, यसले आक्रमण गर्न सक्ने समयलगायतका विषयमा उपभोक्तालाई बेला-बेलामा जानकारी गराएका छौं", उनले भने- "चितुवा सक्रिय हुने समय र आनीबानी बुझ्न सकिए यसबाट बच्न सकिन्छ ।"

वनजङ्गलमा पाइने जीवजन्तु मानिसले शिकार गरेर खाइदिने गरेका कारण पनि चितुवाले बस्तीमा आएर मानिसलाई आक्रमण गर्न थालेको छ । चितुवाको प्राकृतिक खाना भनेको जीवजन्तु नै भए पनि त्यस्ता जीवजन्तु मानिसले खाइदिने गरेका कारण चितुवाको सिकार मानिस हुन थालेको अध्ययनबाट देखिएको छ । "चितुवाको प्राकृतिक खाना मानिस होइन", उनी भन्छन्-"तर वनभित्र पर्याप्त शिकार नपाउँदा उसले बस्ती क्षेत्रलाई विकल्पका रूपमा लिन थालेको देखिन्छ ।"

पछिल्ला वर्षमा तनहुँका विभिन्न क्षेत्रमा सडक विस्तार, बस्ती विकास तथा वन क्षेत्रको अतिक्रमण बढेको छ । वन क्षेत्र खुम्चिँदै जाँदा चितुवा र मानिसको दूरी घट्दै गएको छ । विशेषगरी बन्दीपुर, भानु, व्यास, शुक्लागण्डकी तथा आँबुखैरेनी क्षेत्रका वन आसपासका बस्तीहरूमा चितुवा देखिने क्रम बढेको छ । वन र बस्तीको सीमाना अस्पष्ट बन्दै जाँदा द्वन्द्वका घटना बढिरहेका छन् ।

**शत्र जनाको मृत्यु**

आव २०७४/७५ देखि २०८२/८३ सम्म जिल्लाका विभिन्न स्थानीय तहमा चितुवाको आक्रमणका घटना भएका हुन् । मृत्यु हुनेमध्ये बन्दीपुर गाउँपालिकामा सबैभन्दा बढी सात जना रहेका छन् । त्यसैगरी भानु नगरपालिकामा पाँच जना, व्यास नगरपालिकामा दुई जना, शुक्लागण्डकी नगरपालिकामा दुई जना तथा आँबुखैरेनी गाउँपालिकामा एक जनाको मृत्यु भएको छ । यस अवधिमा चितुवाको आक्रमणबाट २१ जना घाइते भएका छन् । घाइतेमध्ये भानु नगरपालिकामा नौ जना, बन्दीपुर गाउँपालिकामा चार जना, व्यास नगरपालिकामा चार जना, आँबुखैरेनी गाउँपालिकामा दुई जना, शुक्लागण्डकी नगरपालिकामा एक जना तथा म्याग्दे गाउँपालिकामा एक जना रहेका छन् ।

**रु ३२ लाख राहत वितरण**

कार्यालयले वन्यजन्तुबाट क्षति भएकालाई राहत वितरण गर्दै आएको छ । चितुवाको आक्रमणबाट मृत्यु भएकाको परिवार, वन्यजन्तुबाट बालीनालीमा पुगेको क्षतिको मूल्याङ्कन गरी राहत वितरण गर्ने गरिएको छ । विसं २०७६ देखि २०८३ सम्म रु ३१ लाख ७६ हजार चार सय ५० राहत वितरण गरिएको छ । २०७६ सालमा रु तीन लाख ११ हजार पाँच सय, २०७७ मा रु चार लाख ७६ हजार, २०७८ मा रु १५ हजार, २०७९ मा रु सात लाख १८ हजार, २०८० मा रु चार लाख १६ हजार आठ सय, २०८१ मा रु छ लाख आठ हजार, २०८२ मा रु पाँच लाख ८९ हजार २५० र २०८३ मा रु ४१ हजार नौ सय राहत वितरण गरिएको छ ।

वन्यजन्तु र मानवबिचको द्वन्द्व पछिल्ला वर्षहरूमा चुनौतीका रूपमा देखिन थालेको उल्लेख गर्दै वन्यजन्तुको प्राकृतिक वासस्थान खुम्चिँदै जानु, जङ्गल आसपास मानव बस्ती विस्तार हुनु तथा खाद्यान्नको खोजीमा वन्यजन्तु बस्ती क्षेत्रमा प्रवेश गर्नु मुख्य कारण रहेका छन् । "तनहुँका विभिन्न ग्रामीण क्षेत्रमा बाँदर, भालु, बँदेललगायतका वन्यजन्तुले कृषिबाली तथा पशुधनमा क्षति पुऱ्याउने र कतिपय अवस्थामा मानिसमाथि समेत आक्रमण गर्ने घटना भइरहेका छन्", रानाभाटले भने-"यस्ता घटनाबाट प्रभावित नागरिकलाई राहत उपलब्ध गराउनु सरकारको दायित्व हो । त्यसैले निर्देशिका अनुसार निवेदन परेका घटनाको स्थलगत अध्ययन गरी राहत वितरण गरिरहेका छौं ।"

उनले वन्यजन्तुबाट हुने क्षति न्यूनीकरणका लागि राहत वितरण मात्र पर्याप्त नभएको बताउँदै दीर्घकालीन समाधानका उपायहरूमा समेत कार्यालयले काम गरिरहेको जानकारी दिए । वन्यजन्तु प्रवेश रोक्न तारबार, जनचेतनामूलक कार्यक्रम, वन क्षेत्र व्यवस्थापन तथा स्थानीय समुदायसँगको सहकार्यलाई प्राथमिकतामा राखिएको उनले बताए । "किसानले मेहनत गरेर लगाएको बाली नष्ट हुँदा र पशुधन गुमाउँदा ठूलो आर्थिक क्षति बेहोर्नुपर्छ । त्यसैले राहतसँगै क्षति न्यूनीकरणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक छ ।"- उनले भने ।

# नवीनमा अभिमुखीकरण कार्यक्रम




बुटवल । नवीन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालय देवीनगरमा व्यवस्थापन समूह कक्षा ११ मा नव आगन्तुक विद्यार्थीहरुको अभिमुखीकरण कार्यक्रम बुधबार सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा बुटवल उप-महानगरपालिका शिक्षा तथा जनस्वास्थ्य एवं वित्त व्यवस्थापन महाशाखा प्रमुख वरिष्ठ उप-सचिव मित्रमणि खनालले विद्यार्थीहरुले देशकै उत्कृष्ट विद्यालय र उत्कृष्ट विषय व्यवस्थापन छनौट गरेकोमा बधाई दिँदै विद्यालयमा पठनपाठनको वातावरण राम्रो रहेको हुँदा विद्यार्थीहरुले आफ्नो बानी व्यहोरा परिवर्तन गर्नु पर्ने, विद्यार्थीको ज्ञान र सीप विकासको लागि विद्यालयले धेरै कार्यक्रमहरु सञ्चालन गरेकोले विद्यार्थीहरुले विद्यालयका आचारसंहिता पूर्ण पालना गर्न विद्यार्थीहरुलाई सुझाव दिएका थिए ।

उत्प्रेरणात्मक वक्ता एवं एनएमबी बैंकका शाखा प्रवन्धक, मानवअधिकार तथा शान्ति समाज रुपन्देहीका जिल्ला सभापति अर्जुन ज्ञवालीले विद्यार्थीहरुलाई आजको अवस्थामा ल्याइने सम्पूर्ण अभिभावक, शिक्षक छिमेकी साथीहरुलाई धन्यवाद दिँदै जीवनमा सफल हुनको लागि स्पष्ट लक्ष्य सोही अनुसारको योजना, कार्यतालिका र क्रियाकलाप हुनु पर्ने बताउँदै सपना, संकल्प, जीवनको लक्ष्य मेरा चार भूमिका बैंकले सिकाएको पाठ सफल हुने पाँचमन्त्र जीवन बदल्ने बानी, मानवअधिकार, वातावरण र सञ्चारको सम्बन्धमा उत्प्रेरणात्मक प्रस्तुति राखेका थिए ।

बुटवल उप-महानगरपालिका वडा नं. ११ का वडा अध्यक्ष रामचन्द्र क्षेत्रीले कक्षा ११ मा व्यवस्थापन समूहमा अध्ययन गर्ने नव आगन्तुक विद्यार्थीहरुलाई बधाई तथा शुभकामना दिँदै विद्यार्थीहरु दृढ संकल्प, अनुशासन र नियमित अध्ययन गरेमा सफल हुन सकिने हुँदा लगनशील भएर अध्ययन गर्न सुझाव दिएका थिए ।

कार्यक्रम बुटवल उप-महानगरपालिका शिक्षा तथा जनस्वास्थ्य एवं वित्त व्यवस्थापन महाशाखा प्रमुख वरिष्ट उप-सचिव मित्रमणि खनालले विज्ञान विषय प्रवर्द्धन कार्यक्रमअन्तर्गत निर्माण गरिएको कम्प्युटर प्रयोगशालाको शुभारम्भ समेत गरे ।

विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतले विद्यालयका भौतिक, आर्थिक, शैक्षिक र व्यवस्थापकीय पक्ष र समस्याहरुका बारेमा धारणा राखेका थिए ।

सहायक प्रधानाध्यापक अर्जुन खनालले विद्यालयका आचारसंहिता २०८३ विद्यार्थी अनुशासनलगायतका विषयमा धारणा राखेका थिए । शैक्षिक सत्र २०८२ को वार्षिक परीक्षामा समूहगत रुपमा उत्कृष्ट जीपीए प्राप्त गर्न सफल विद्यार्थीहरुलाई जीपीएका आधारमा एक हजारदेखि दश हजारसम्म बीस जना विद्यार्थीहरुलाई पैचालिस हजार नगद वरिष्ठ उप-सचिव मित्रमणि खनाल र वडा अध्यक्ष रामचन्द्र क्षेत्रीले वितरण गरेका थिए ।

बुटवल उप-महानगरपालिका वडा नं. ११ का वडा अध्यक्ष रामचन्द्र क्षेत्रीको अध्यक्षतामा व्यवस्थापन समूह कक्षा १२ का विद्यार्थी सुदिप खड्काको सञ्चालनमा सम्पन्न कार्यक्रममा व्यवस्थापन समूह कक्षा ११ का इन्चार्ज जयराम पन्थीले स्वागत मन्तव्य व्यक्त गरेका थिए । सहभागीको तर्फबाट विद्यार्थी देवी पौडेलले धारणा राखेका थिए ।

शिक्षा तथा सामाजिक विकास निर्देशनालय लुम्बिनी प्रदेशद्वारा आषाढ १४ गते आयोजित लुम्बिनी प्रदेशस्तरीय स्टेम प्रतियोगितामा प्रथम हुन सफल भौतिक शास्त्र विषयका समन्वय शिक्षक विनय कुमार बि.क., विद्यार्थीहरु प्रमोद आचार्य, प्रतिज्ञा चन्द र सागर वि.क.लाई नगदद्वारा उत्प्रेरणात्मक वक्ता अर्जुन ज्ञवालीले सम्मान गरेका थिए ।

# बाँकेमा रासायनिक मल वितरण




बाँके । जिल्लाका आठै स्थानीय तहमा कोटा प्रणाली अनुरुप रासायनिक मल वितरण सुरु गरिएको छ ।

कृषि सामग्री कम्पनी लिमिटेड नेपालगञ्जका प्रमुख पुष्पराज श्रेष्ठले कोहलपुर नगरपालिकामा ९६९ बोरा युरिया, ५६५ बोरा डिएपी र १५७ बोरा पोटास, नेपालगन्ज उप-महानगरपालिकामा ८६९ बोरा डिएपी, १७४ बोरा पोटास र एक हजार ३१४ बोरा युरिया, बैजनाथ गाउँपालिकामा एक हजार १५१ बोरा, एक हजार ३८० बोरा युरिया र २३० बोरा पोटास, खजुरा गाउँपालिकामा १ हजार १४४ बोरा डिएपी, एक हजार ३७० बोरा युरिया र २३० बोरा पोटास मल वितरण गरिएको बताए ।

जानकी गाउँपालिकामा ८५९ बोरा डिएपी, एक हजार २७ बोरा युरिया र १७२ बोरा पोटास, डुडुवा गाउँपालिकामा एक हजार १४३ बोरा डिएपी, एक हजार ३६५ बोरा युरिया र २२९ बोरा पोटास, राप्तीसोनारी गाउँपालिकामा एक हजार २२८ बोरा डिएपी, एक हजार ६३३ बोरा युरिया, २७५ बोरा पोटास र नरैनापुर गाउँपालिकामा ८०९ बोरा डिएपी, ९६९ युरिया र १६२ बोरा पोटास मल वितरण गरिएको छ ।

नेपालगञ्ज-१६ का ५२ वर्षीय बछिलाल यादवले रासायनिक मल नपाएर सास्ती भोग्नुपरेको बताए । 'हाल रोपाइँको समय छ, यही समयामा मल पाउन सास्ती छ ।'-उनले भने ।

जिल्ला सहकारी सङ्घ बाँकेका प्रमुख नवराज उपाध्यायले नेपालगन्जका १२ वटा वडामा वितरणका लागि कुल ८१ बोरा रासायनिक मल आएको उल्लेख गर्दै सो मल पाउनका लागि किसानको भीड लागेको जानकारी दिए ।

**कम्युनिष्टहरू ...**

**कर्णाली**

चुनावमा दुई पनि मिलेको भए कर्णालीका चार सीट जित्ने तथ्यांकले देखाउँछ । जाजरकोटमा कांग्रेस खडकबहादुर बुढा २० हजार १४२ मत ल्याएर विजयी हुँदा नेकपाका शक्तिबहादुर बस्नेतले १७ हजार ४०७ मत पाएका थिए । त्यहाँ एमालेका डम्बरबहादुर सिंहले पाएको १६ हजार ८८३ मत थप हुँदा भारी मतले जितको आधार बन्थ्यो ।

यस्तै, हुम्लामा पनि कांग्रेसका जयपती रोकायाले ८ हजार ७९७ मतसहित जित्दा नेकपाका दीपेन्द्र रोकाया ७ हजार २४३ मतसहित पछि परेका थिए । तर एमालेका दल फडेराले पाएको ४ हजार ३३१ मत जोडिँदा जित्थे ।

यस्तै, मुगुमा कांग्रेसका खड्ग शाहीले ७ हजार ९१४ मत पाउँदा एमालेका पूर्णबहादुर रोकायाले ६ हजार ७१८ र नेकपाका चन्द्रबहादुर शाहीले ५ हजार ५५८ मत पाएका थिए ।

दैलेख १ मा कांग्रेसकी वासना थापाले १२ हजार ३७२ मत ल्याएर जित्दा एमालेका रविन्द्रराज शर्माले ११ हजार ७९६ र नेकपाका अम्मरबहादुर थापाले ४ हजार २५६ मत पाएका थिए । जुम्लामा पनि एमाले र नेकपाका उम्मेदवारले पाएको मत जोड्दा राप्रपाका ज्ञानेन्द्र शाहीको जित कठिन हुने देखिन्छ । शाहीले १४ हजार ८१६ मतका साथ जितेका छन् । त्यहाँ नेकपाका नरेश भण्डारीले १ हजार ६२५ मत पाएका थिए भने एमालेका शान्तिलाल महतले ४ हजार ५१८ मत पाएका थिए ।

**सुदूरपश्चिम**

दुई पार्टी मिल्दा सुदूरका पनि चार सीटको नतिजा फरक पर्ने तथ्यांकले देखाएको छ । अछाम १ मा कांग्रेसका भरतकुमार स्वारले १० हजार ७५९ पाउँदा नेकपाका भीम रावल १० हजार २३३ मत ल्याएर झिनो मतले हारे । त्यहाँ एमालेका दीपकबहादुर साउँदले पाएको ७ हजार ३८९ मत पाउँदा सहजै जित निस्कन्थ्यो ।

बाजुरामा पनि कांग्रेसका जनकराज गिरी १७ हजार १७३ मतसहित विजयी हुँदा एमालेका लालबहादुर थापा १६ हजार ६३३ मतमा रोकिएका थिए । तर नेकपाका प्रकाशबहादुर शाहले पाएको ३ हजार ३०१ मत थप हुँदा नतिजा फरक पर्नसक्थ्यो ।

डोटीमा पनि कांग्रेसका भरतबहादुर खड्कासँग एमालेका दीपक धामी झिनो मतले हारलेका थिए । कांग्रेसका खड्काले १४ हजार ८९७ मत पाउँदा एमालेका धामीले १४ हजार ११० मत पाएको थिए भने नेकपाका त्रिलोचन भट्टले ५ हजार ४१३ मत ल्याएका थिए ।

यस्तै, बैतडीमा पनि रास्वपाका हरिमोहन भण्डारीले २२ हजार १३४ मत ल्याएर जित निकाल्दा एमालेका दामोदर भण्डारीले १७ हजार ९१ मत पाएका थिए । त्यहाँ नेकपाका प्रमानन्द भट्टले पाएको ६ हजार ९६५ मत थपिँदा जित निस्कन सक्थ्यो ।

**भदौ २४ ...**

पोखरामा आयोजित पार्टी भेलालाई सम्बोधन गर्दै शान्ति प्रक्रिया र संविधान निर्माणलाई ऐतिहासिक उपलब्धि भए पनि त्यसअघि रणनीतिक सोच छाडेर तत्कालीन कार्यनीतिमै सीमित भएको उनको भनाइ छ ।

उनले भने-'शान्ति सम्झौता र संविधान निर्माण गरेर गल्ती भएन । तर, हामीले रणनीति छोड्यौं, कार्यनीतिलाई नै रणनीति मान्न थाल्यौं । चुनाव जित्ने, सरकारमा जाने, मन्त्री हुने र प्रधानमन्त्री हुने कुरामै सीमित भयौं ।'

संविधान जारी भएपछि पार्टी नेतृत्व तात्कालिक स्वार्थमा केन्द्रित भएको बताए । उनले थपे-'हिजो हामी जनताको अधिकारका लागि तँछाडमछाड गर्थ्यौं पछि पद, सुविधा र पैसा प्राप्तिका लागि तँछाडमछाड गर्न थाल्यौं । नेतृत्वकै कमजोरीका कारण कार्यकर्तामा पनि त्यही प्रवृत्ति फैलियो । गल्ती माथिबाटै भयो । नेतृत्व पटक-पटक प्रधानमन्त्री बन्न कहिले कांग्रेस, कहिले एमाले र कहिलेकाहीँ अन्य दलसँग मिल्यो । त्यसको असर तलसम्म पुग्यो ।'

उनले पार्टीभित्र समाजवादी मूल्य कमजोर बन्दै व्यक्तिवाद, स्वार्थ र अवसरवाद हाबी भएको बताए । उनले भन्नका लागि समाजवाद भने पनि व्यवहारमा पुँजीवादी, व्यक्तिवादी र स्वार्थी कामका केन्द्रीय भएको स्वीकारे ।

उनले थपे- 'जनताले हामीलाई पहिला कम्युनिष्टबाट ठूलै चिज प्राप्त हुन्छ भन्ने सोचेको थिए । तर जनताले हामीलाई कांग्रेस, एमालेभन्दा अझ बढी पद र प्रतिष्ठाका निमित्त, पैसाका निमित्त जे पनि गर्ने देखें ।'

**बालबालिकालाई...**

पोखरामा आयोजित पार्टी भेलालाई सम्बोधन गर्दै शान्ति प्रक्रिया र संविधान निर्माणलाई ऐतिहासिक उपलब्धि भए पनि त्यसअघि रणनीतिक सोच छाडेर तत्कालीन कार्यनीतिमै सीमित भएको उनको भनाइ छ ।

उनले भने-'शान्ति सम्झौता र संविधान निर्माण गरेर गल्ती भएन । तर, हामीले रणनीति छोड्यौं, कार्यनीतिलाई नै रणनीति मान्न थाल्यौं । चुनाव जित्ने, सरकारमा जाने, मन्त्री हुने र प्रधानमन्त्री हुने कुरामै सीमित भयौं ।'

संविधान जारी भएपछि पार्टी नेतृत्व तात्कालिक स्वार्थमा केन्द्रित भएको बताए । उनले थपे-'हिजो हामी जनताको अधिकारका लागि तँछाडमछाड गर्थ्यौं पछि पद, सुविधा र पैसा प्राप्तिका लागि तँछाडमछाड गर्न थाल्यौं । नेतृत्वकै कमजोरीका कारण कार्यकर्तामा पनि त्यही प्रवृत्ति फैलियो । गल्ती माथिबाटै भयो । नेतृत्व पटक-पटक प्रधानमन्त्री बन्न कहिले कांग्रेस, कहिले एमाले र कहिलेकाहीँ अन्य दलसँग मिल्यो । त्यसको असर तलसम्म पुग्यो ।'

उनले पार्टीभित्र समाजवादी मूल्य कमजोर बन्दै व्यक्तिवाद, स्वार्थ र अवसरवाद हाबी भएको बताए । उनले भन्नका लागि समाजवाद भने पनि व्यवहारमा पुँजीवादी, व्यक्तिवादी र स्वार्थी कामका केन्द्रीय भएको स्वीकारे ।

उनले थपे- 'जनताले हामीलाई पहिला कम्युनिष्टबाट ठूलै चिज प्राप्त हुन्छ भन्ने सोचेको थिए । तर जनताले हामीलाई कांग्रेस, एमालेभन्दा अझ बढी पद र प्रतिष्ठाका निमित्त, पैसाका निमित्त जे पनि गर्ने देखें ।'

हालसम्म रास्वपाको प्रणालीमा ५ लाख २३ हजार ४६५ वटा सदस्यता आवेदन दर्ता भएकोमा नागरिकतालगायतका आधिकारिक कागजातका आधारमा ३ लाख ९० हजार ११२ जनाको मात्र सदस्यता प्रमाणीकरण भएको महामन्त्री आचार्यले स्पष्ट पारेका छन् । बाँकी आवेदनहरू प्रमाणीकरणकै चरणमा रहेको उनले विज्ञप्तिमा जिकिर गरेका छन् ।

पर्याप्त परीक्षण नगरी महाधिवेशनको सार्वजनिक प्रतिवेदनमा कच्चा तथ्याङ्क समावेश हुँदा आमनागरिक र सरोकारवालामा भ्रम सिर्जना भएकोमा महामन्त्री आचार्यले दुःख व्यक्त गर्दै रास्वपाले तत्काल सुधारात्मक कदमहरू चाल्ने घोषणा गरेका छन् ।

आचार्यका अनुसार, अब १८ वर्षभन्दा कम उमेर देखिने विवरणलाई प्रणालीमार्फत् स्वतः पहिचान गरी आवेदनलाई अगाडि बढ्न नदिने व्यवस्था लागू गरिनेछ । त्यस्तै, प्रमाणीकरण सम्पन्न भइसकेका अभिलेखको समेत पुनः परीक्षण गरिनेछ। यस क्रममा प्राविधिक वा मानवीय त्रुटिका कारण १८ वर्षभन्दा कम उमेरका कुनै व्यक्तिको सदस्यता गल्तीले स्वीकृत भएको पाइएमा तत्काल खारेज गरिनेछ ।

महामन्त्री आचार्यका अनुसार, वि.सं. र ई.सं. सम्बन्धी त्रुटि न्यूनीकरण गर्न प्रयोगकर्तालाई प्रणालीगत मार्गदर्शन उपलब्ध गराइनेछ। प्रमाणीकरण बाँकी सम्पूर्ण आवेदनको आधिकारिक कागजातका आधारमा परीक्षण गरी शुद्ध र अद्यावधिक तथ्याङ्क छिट्टै सार्वजनिक गरिने प्रतिबद्धता पनि रास्वपाले जनाएको छ ।

रास्वपाले संविधान, राजनीतिक दल सम्बन्धी ऐन र बालबालिका सम्बन्धी ऐनले तोकेबमोजिम १८ वर्ष उमेर पूरा भएका साबालक नागरिकलाई मात्र पार्टी सदस्य बनाउने कानुनी व्यवस्था र विधिको शासनप्रति आफू पूर्ण रूपमा प्रतिबद्ध रहेको दोहोऱ्याएको छ ।

**सवारी...**

अन्य लापरबाहीका कारण ३ वटा दुर्घटना भएको तथ्यांकमा उल्लेख छ ।

सवारीसाधनतर्फ हेर्दा मोटरसाइकल चालक सबैभन्दा बढी जोखिममा देखिएका छन् । दुर्घटनामा संलग्न २०६ सवारीमध्ये ११६ वटा (५६.३१ प्रतिशत) मोटरसाइकल रहेका छन् । त्यसपछि कार तथा जिप र ट्रक/ट्याङ्कर १८/१८, सरकारी सवारी १५, टेम्पो १२, बस ११, ट्र्याक्टर ६, माइक्रो ४, टिप्पर ३, डोजर/लोडर २ तथा अन्य १ वटा सवारी दुर्घटनामा परेका छन् ।

कार्यालयका प्रमुख प्रहरी उपरीक्षक निशान थापाका अनुसार ट्राफिक प्रहरीले स्पिड नियन्त्रण, मापसे परीक्षण, लेन अनुशासन, हेल्मेट र सिटबेल्टको अनिवार्य प्रयोगमा निगरानी बढाइरहेको छ ।

तर पछिल्लो तथ्यांकले सडकको अवस्था वा सवारीको प्राविधिक समस्या भन्दा चालकको लापरबाही, विशेषगरी तीव्र गति, नै दुर्घटनाको मुख्य कारण रहेको देखाएको छ ।

दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले जनचेतनामूलक कार्यक्रमलाई पनि निरन्तरता दिएको जनाएको छ ।

चालु आर्थिक वर्षको जेठसम्म प्रदेशभर १ हजार ४१९ वटा ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरिएका छन्, जसबाट ७७ हजार ५३ जना प्रत्यक्ष लाभान्वित भएका छन् । विद्यालय, विभिन्न संघसंस्था तथा सार्वजनिक स्थलमा ट्राफिक नियम, सुरक्षित सवारी सञ्चालन र सडक अनुशासनसम्बन्धी प्रशिक्षण सञ्चालन गरिएको कार्यालयले जनाएको छ ।

दुर्घटनाको प्रमुख कारण नै तीव्र गति भएको सरकारी तथ्यांक सार्वजनिक भइरहँदा त्यसविरुद्धको कारबाही भने नगन्य देखिएकाले प्रभावकारी स्पिड निगरानी र कडा कार्यान्वयनबिना दुर्घटना न्यूनीकरणको लक्ष्य हासिल गर्न कठिन हुने देखिएको छ ।


## सौजन्य साना किसान कृषि सहकारी संस्था

प्रतापपुर-८, पिपरपाती, नवलपरासी

## धितो लिलाम सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

मितिः२०८३।३।१८

तपसिल बमोजिमका कर्जा ग्राहकहरुले तमसुकमा लेखिएको सर्त पालना नगरी संस्थाबाट विभिन्न समयमा तर-ताकेता गर्दा पनि समयमा बुझाउनु पर्ने सावाँ ब्याज समेत नबुझाई सर्त उल्लङ्घन गरेकोले निजहरुसँग लिनुपर्ने २०८३ साल साउन २० गते सम्मको सम्पूर्ण लेना रकम असुल हुनेगरी तपसिलको धितो/परियोजना सहकारी ऐन, २०७४ तत् सम्बन्धी नियमावली २०७५ तथा यस संस्थाको कर्जा लगानी र असुली सम्बन्धी आन्तरिक कार्यविधि २०८२ अनुसार निम्न मिति र स्थानमा दिनको ११:३० बजेदेखि ४:०० बजेसम्म संस्थाको नियमानुसार लिलाम बढाबढ हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । लिलाममा सबैभन्दा बढी डाँक बोल्नेको नाममा लिलाम सदर भएमा कबुल गरेको रकमको कम्तीमा १० प्रतिशत रकम सोही दिन दाखिला गर्नु पर्नेछ । लिलाम हुने दिन बिदा परेमा त्यसपछिको कार्यालय खुलेको दिन लिलाम हुनेछ । अन्य कुराको जानकारी आवश्यक भएमा संस्थामा बुझ्न सकिनेछ ।

**तपसिल**

**लिलाम हुने मिति** : २०८३ साल साउन महिना २० गते

**लिलाम हुने स्थान** : सौजन्य साना किसान कृषि सहकारी संस्था लि.प्रतापपुर-८, पिपरपाती, नवलपरासी(ब.सु.प)

**धितोको विवरण** :

| क्र.सं. | कर्जा/ग्राहकको नाम | जग्गाधनीको नाम | जिल्ला | गा.वि.स/ न.पा. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल | जम्मा लेना रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जयन्त्री केवट<br>बाबुको नामःहरिचन केवट<br>बाजेको नामः सुन्दर केवट | जयन्त्री केवट | नवलपरासी | गुठी परसौनी | १ | १क | ५६८ | ०-७-१०-० | ४३,३४,११९।१० |
| | | जयन्त्री केवट | नवलपरासी | गुठी परसौनी | १ | १क | ११५ | ०-२-१०-० | |
| | | जयन्त्री केवट | नवलपरासी | बैदौली | १ | १ | ९५३ | ०-२-१२-० | |

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।




सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**आँप किनमेल:**
दाङको घोराही-लमही सडकखण्डको बेलदमारमा आँप किनमेल गर्दै स्थानीय। प्रतिकिलो एक सय रुपैयाँमा आँप बिक्री भैरहेको व्यापारी बताउँछन्। तस्विर : रासस

गुल्मी अर्गानिक तरकारीमा आत्मनिर्भर :

# सत्यवतीबाट मात्रै १० करोडको स्थानीय उत्पादन बाहिरिँदै



**प्रेम सुनार**
*गुल्मी*

गुल्मीको सदरमुकाम तम्घास यतिबेला बर्खे तरकारीले भरिभराउ छ। पाँच-छ वर्षअघि जस्तो 'यो तरकारी यहाँकै हो कि मधेसतिरबाट आएको हो ?' भनेर पसलेसँग सोध्नुपर्ने अवस्था अहिले छैन। गाउँ-गाउँबाट गाडी र डोकोमा ल्याइएको तरकारीले नै आफ्नो पहिचान बोकेको छ।

तम्घास र ढिकुरा तरकारीका लागि परिपूरक नाम हुन्। ढिकुरा छिमेकी जिल्ला अर्घाखाँचीमा पर्छ। तम्घास बजारको विकाससँगै ढिकुराले यहाँको बजारलाई लामो समयदेखि धानेको छ। त्यसपछि सीमिचौर, अर्खले र भुवनपानी जस्ता गाउँ पनि तरकारी उत्पादनका केन्द्र बन्दै गएका छन्।

यी गाउँका तरकारीले स्वाद मात्रै दिँदैनन्, गाउँ छाडेर शहरमा बस्न थालेकाहरुलाई गाउँकै सम्झना पनि गराउँछन्। यतिबेला बजारमा सबैखाले बर्खे तरकारी आइपुगेका छन्। तीमध्ये पहाडी जिल्लाका लागि विशेष आकर्षण बनेको तरकारी हो- तामा।

तामा र गुल्मेली जनजीवनको सम्बन्ध निकै पुरानो छ। स्वादको कुरा गर्दा यसको चर्चा नै पर्याप्त छ। गुल्मीका पुराना तरकारीमध्ये रायोको साग र मुला अग्रस्थानमा पर्छन्। मसला उत्पादनतर्फ अदुवा र लसुनको आफ्नै पहिचान छ। एक समय थियो, मसला भन्नासाथ अदुवा र लसुन सम्झिन्थ्यो। लाहुरबाट फर्किएका लाहुरेहरुले ल्याउने जिरा-धनिया समेत निकै ठूलो पाहुर मानिन्थ्यो। छिमेकीदेखि टाढाका आफन्तसम्म थाङ्नाथुङ्नीमा पोको पारेर बाँड्ने चलन थियो।

त्यो समय भोगेका धेरै मानिस अहिले सहरमा छन्, तर मन गाउँमै छ। त्यसैले उनीहरु अहिले पनि गाउँकै उत्पादन खोजेर खान रुचाउँछन्। यही कारण गुल्मी र अर्घाखाँचीका धेरै उत्पादन बुटवलसम्म पुग्ने गरेका छन्।

तम्घास मिलनचोकमा विगत १२ वर्षदेखि किराना, फलफूल तथा तरकारी पसल सञ्चालन गर्दै आएकी गीता पन्थीको अनुभवमा चार-पाँच वर्षअघिसम्म तम्घासमा तरकारी र फलफूल बुटवलबाट आउने अवस्था थियो। अहिले आँप, केरा र स्याउबाहेक अन्य तरकारी बाहिरबाट ल्याउनुपर्ने अवस्था छैन। बजारमा स्थानीय अर्गानिक उत्पादनकै माग बढेको छ। तम्घासको साहुटोल र विशेषगरी पुतलीबजार क्षेत्र तरकारी बजारका रुपमा परिचित हुँदै गएको छ। व्यवसायीहरुका अनुसार अहिले करिब ८० प्रतिशत तरकारी तथा फलफूल गुल्मी-अर्घाखाँची क्षेत्रकै उत्पादन बिक्री हुने गरेको छ।

पछिल्लो समय गाउँ-गाउँमा व्यवसायिक कृषिको लहर देखिएको छ। दूध, तरकारी, मासु र अण्डा उत्पादनमा गुल्मीका १२ स्थानीय तहमध्ये सत्यवती गाउँपालिकाले उल्लेखनीय फड्को मारेको छ।

**एउटै गाउँपालिकाबाट वार्षिक १० करोडभन्दा बढीको उत्पादन बाहिरिँदै**

सत्यवती गाउँपालिकाले कृषिलाई प्राथमिकतामा राखेर अघि बढेपछि स्थानीय उत्पादनमा उल्लेखनीय वृद्धि भएको गाउँपालिका अध्यक्ष टीकाराम पाण्डे बताउँछन्।

उनका अनुसार गाउँपालिकाबाट वार्षिक करिब साढे ६ करोड रुपैयाँ बराबरको दूध र साढे तीन करोड रुपैयाँ बराबरको तरकारी लगायत अन्य कृषि उत्पादन बाहिरिने गरेको छ। कुनै समय मदिरा उत्पादनमा सीमित रहेको वडा नम्बर ४ एक्सिङ गाउँका मगर समुदाय अहिले दूध उत्पादनतर्फ आकर्षित भएका छन्। उनीहरुले रक्सी बिक्रीभन्दा दूध उत्पादनलाई रोज्न थालेका छन्।

मगर बाहुल्य वडा नम्बर ३ ठूलोलुम्पेकमा पनि सबै समुदायले स्थानीय उत्पादनलाई अभियानकै रुपमा अघि बढाएका छन्। वडाध्यक्ष जितु तरामुका अनुसार उक्त वडाबाट मात्रै वार्षिक डेढ करोड रुपैयाँ बराबरको स्थानीय उत्पादन बुटवल बजार पुग्ने गरेको छ।

ठूलोलुम्पेकका कृषक इन्द्र विश्वकर्माले तरकारी, कुखुरा र बंगुर पालनबाट वार्षिक सरदर १२ लाख रुपैयाँ बराबरको कारोबार गर्दै आएका छन्। उनले करिब १० लाख रुपैयाँसम्म आम्दानी हुने बताउँछन्। कृषकहरुमा आएको उत्साह र व्यवसायिक सोंचको श्रेय उनी स्थानीय जनप्रतिनिधिहरुको कृषि अभियानलाई दिन्छन्।

गुल्मीका अन्य स्थानीय तहमा समेत कृषि उत्पादन बढ्दै गएको छ। स्थानीय उत्पादन र व्यवसायिक कृषिले यहाँका बासिन्दाको आर्थिक समृद्धिको आधार तयार गर्दै गएको देखिन्छ।

# फासियानको यात्रा विवरण अब नेपालीमा



लुम्बिनी। बौद्ध संस्कृति तथा पुरातत्वको लागि महत्वपूर्ण चिनियाँ ग्रन्थ फु गो ची नेपाली भाषामा अनुवाद गरिएको छ। बौद्ध चिनियाँ तिर्थयात्री भिक्षु फासियानले १६ सय वर्षअघि बौद्ध राज्यहरुको भ्रमण गरी त्यसको यात्रा विवरण लेखेका थिए। बौद्ध पुरातत्वको क्षेत्रमा यो महत्वपूर्ण ग्रन्थ दुर्लभ मानिन्छ।

लुम्बिनी बौद्ध विश्वविद्यालय अनुसन्धान केन्द्रले बेइजिङ लोङमिङ्ह नेटवर्क कम्पनी, चीनको सहकार्यमा पुस्तक नेपालीमा अनुवाद गरेको हो। विश्वविद्यालयका सहप्राध्यापक डा. सागर न्यौपाने र सहायक निर्देशक चुरामणि पोखरेलले अनुवाद गरेको बौद्ध राज्यहरुको अभिलेख नामक पुस्तक सोमबार (११ जेठ २०८३) लुम्बिनीमा एक कार्यक्रमको आयोजना गरी विमोचन गरिएको छ।

तिर्थयात्री फासियानको यात्रा विवरण लेखिएको अभिलेखकै आधारमा बुद्ध जन्मस्थल लुम्बिनी, शाक्यहरुको राजधानी तिलौराकोट, अस्तुधातु राखिएको स्थान रामग्रामका साथै भारतमा रहेका बौद्ध स्थलहरुको पुरातात्विक पहिचान भएको छ। अभिलेख फ्रेन्च, अग्रेजी र हिन्दी भाषामा अनुवाद गरिएको थियो। चिनियाँ लिपिबाट पहिलो पटक नेपालीमा अनुवाद गरिएको अनुवादक न्यौपानेले जानकारी दिए। 'हामीले चीनको सिन, चिन, मिङ र छिङ वंशकालमा प्रकाशित चिनियाँ लिपिकै आधारमा अनुवाद गरेका छौं।'- उनले भने।

पुस्तक विमोचन गर्दै लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति डा. माणिकरत्न शाक्यले बौद्ध इतिहासमा फासियान र ह्वेनसाङ्गको दस्तावेजसहितको यात्राविवरण महत्वपूर्ण रहेको बताए। बौद्ध राज्यहरुको अभिलेख पुस्तकले अध्ययन अनुसन्धानमा संलग्न नेपाली अनुसन्धानकर्ताहरुलाई सहज हुने उनले बताए। फासियानले पुस्तकमा तत्कालिन बौद्ध राज्यहरुको सांस्कृतिक तथा आर्थिक अवस्थाका साथै बौद्ध स्थलहरुको विषयमा परिचर्चा गरेकाले नेपाली भाषामा अनुवाद हुनु महत्वपूर्ण कार्य रहेको उनले जनाए।

सिल्करोड सांस्कृतिक कार्य कमिटी एवं चीन संस्कृति प्रवर्द्धन सोसाइटीका निर्देशक साङ्ची चसीले फासियानको पुस्तकले शब्दहरू मात्र होइन, सभ्यताको सम्झना र मित्रताको निरन्तरता पनि बोकेको बताइन्। सियानदेखि जुआनजाङसम्म, प्राचीन सिल्क रोडदेखि आजको बेल्ट एण्ड रोड इनिसिएटिभसम्म, चीन र नेपालले सांस्कृतिक आदानप्रदान मार्फत सधैं एकअर्कालाई उज्यालो पारेको भन्दै उनले लङमिङ्ह नेटवर्क टेक्नोलोजी कम्पनी लिमिटेडले यस अनुवादको प्रकाशनलाई सुरुवात बिन्दुको रूपमा प्रयोग गरेकोमा धन्यावाद दिए। त्यस्तै लङमिङ्ह नेटवर्क कम्पनीका निर्देशक जु युले लुम्बिनी बौद्ध विश्वविद्यालयसँग थप चिनियाँ र नेपाली सांस्कृतिक क्लासिकहरूको पारस्परिक अनुवाद र प्रसारलाई प्रवर्द्धन गर्न काम जारी राख्ने आशा राखिन्।

कार्यक्रममा लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार इन्द्रप्रसाद काफ्लेले बौद्ध संस्कृतिको पहिचान, अध्ययन अनुसन्धानमा यो पुस्तक महत्वपूर्ण हुने बताए। विश्वविद्यालयले निरन्तर रुपमा यस्ता महत्वपूर्ण ग्रन्थहरुको अनुवाद गर्दै जाने बताए।

लुम्बिनी अनुसन्धान केन्द्रका निर्देशक प्रा.डा. गितु गिरीले फासियानको यात्रा विवरण बौद्ध इतिहासकै महत्वपूर्ण दस्ताबेज भएको बताए। अनुसन्धान केन्द्रले यस्ता थुप्रै प्राचिन ग्रन्थहरु अनुवाद गर्ने काम जारी राखेको उनले जनाए।

सोही अवसरमा लुम्बिनी बौद्ध विश्वविद्यालयमा ४० लाख रकमको फासियान तथा ह्वेनसाङ अनुसन्धान कोष स्थापना गरिएको छ। चिनियाँ दाताहरुको सहयोगमा यो कोष स्थापना गरिएको हो। सो कोषको रकम विश्वविद्यालयको योजना अनुसार अनुसन्धान कार्यमा खर्च गरिनेछ।

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

काठमाडौं। नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ। निगम सञ्चालक समितिको मङ्गलबारको बैठकले पेट्रोल, डिजेल, मट्टितेल, हवाई इन्धन र खाना पकाउने एलपी ग्यासको मूल्य घटाएको हो।

निगमले पेट्रोलमा प्रतिलिटर रु २०, डिजेल र मट्टितेलमा प्रतिलिटर रु ३० ले मूल्य घटाएको छ। यस्तै, हवाई इन्धन (आन्तरिकतर्फ) प्रतिलिटर रु ४० र हवाई इन्धन (अन्तरराष्ट्रियतर्फ) काठमाडौंका लागि प्रतिकिलोलिटर अमेरिकी डलर २६५ ले घटाइएको छ। खाना पकाउने एलपी ग्यासको मूल्यमा प्रतिसिलिन्डर रु १०० कटौती गरिएको छ।

नयाँ मूल्यसूचीअनुसार तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपायलमा अब पेट्रोलको मूल्य प्रतिलिटर रु १९७ र डिजेल तथा मट्टितेलको मूल्य प्रतिलिटर रु १९५ कायम भएको छ। यसअघि यी क्षेत्रमा पेट्रोल प्रतिलिटर रु २१७ र डिजेल प्रतिलिटर रु २२५ रहेको थियो।

यसैगरी, पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलवारी, नेपालगन्ज, धनगढी र वीरगन्जमा पेट्रोल प्रतिलिटर रु १९४.५० र डिजेल प्रतिलिटर रु १९२.५० कायम गरिएको छ। दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङमा पेट्रोलको मूल्य प्रतिलिटर रु १९६ र डिजेलको मूल्य रु १९४ तोकिएको छ।

हवाई इन्धन (आन्तरिक) को नयाँ मूल्य प्रतिलिटर रु २२९ कायम भएको छ। यस्तै, अन्तरराष्ट्रिय हवाई इन्धनको मूल्य काठमाडौंका लागि अमेरिकी डलर १,५६६, पोखराका लागि डलर एक हजार १०० र भैरहवाका लागि डलर एक हजार ०८५ प्रतिकिलोलिटर कायम गरिएको छ। मूल्य कटौती भएसँगै उपभोक्ताले खाना पकाउने एलपी ग्यास प्रतिसिलिन्डर (१४.२ किलोग्राम) अब रु दुई हजार ०६० मा प्राप्त गर्नेछन्। यसअघि ग्यासको मूल्य प्रतिसिलिन्डर रु दुई हजार १६० रहेको थियो।

अन्तरराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा आएको उतारचढाव र इन्डियन आयल कर्पोरेसन (आइओसी) बाट प्राप्त नयाँ खरिद मूल्यबमोजिम स्वचालित मूल्य प्रणालीअनुसार मूल्य समायोजन गरिएको निगमले जनाएको छ।

## साउनभित्र दुई लाख १० हजार मेट्रिकटन रासायनिक मल आयात हुँदै

काठमाडौं। कृषि, वन तथा पर्यावरण मन्त्रालयले आगामी साउन महिनाभित्र करिब दुई लाख १० हजार मेट्रिकटन रासायनिक मल नेपाल भित्र्याउने तयारी गरेको छ।

किसानलाई राहत हुनेगरी धानबालीका लागि थप आवश्यकपर्ने मलको आपूर्ति सुनिश्चित गर्न मन्त्रालयले विभिन्न माध्यमबाट मल आयात प्रक्रिया अघि बढाएको हो। सरकार-सरकार (जिटुजी) सम्झौताअन्तर्गत भारतबाट आयात हुनलागेको ३० हजार मेट्रिकटन युरिया मल साउनको दोस्रो साता नेपाल आइपुग्ने भएको छ। अन्तरराष्ट्रिय (ग्लोबल) टेन्डरमार्फत विभिन्न मुलुकबाट एक लाख ८० हजार मेट्रिकटन रासायनिक मलमध्ये ६० हजार मेट्रिकटन डिएपी र एक लाख २० हजार मेट्रिकटन युरिया रहेको छ।

मन्त्रालयले मध्यपूर्वमा जारी द्वन्द्वका कारण अन्तरराष्ट्रिय बजारमा मलको उपलब्धता घटे पनि किसानलाई राहत हुनेगरी मल आपूर्ति गर्न लागेको हो। यसवर्ष मन्त्रालयले हालसम्मकै बढी रासायनिक मल आयात गर्ने लक्ष्य लिएको छ।

मन्त्रालयले स्थानीय तहमा मलको कालोबजारी वा अनियमितता पाइएमा उजुरी गर्न बिहान ७:०० बजेदेखि साँझ ७:०० बजेसम्म हटलाइन नम्बर ९७०००९९११३ तथा क्युआर कोडमार्फत् गुनासो दर्ता गर्ने व्यवस्था गरेको छ।

# बागलुङमा कुकुरलाई 'होस्टेल'

बागलुङ। बागलुङ नगरपालिकाले सामुदायिक तथा समस्याग्रस्त कुकुरलाई आवासीय सुविधासहित व्यवस्थापन सुरु गरेको छ। नगरपालिकाले 'कुकुर होस्टेल' स्थापना गरी कुकुरको उद्धार सुरु गरेको हो।

बागलुङ बजारमा सामुदायिक कुकुरका कारण समस्या बढेपछि नगरपालिकाले दिगो व्यवस्थापनका लागि जग्गा व्यवस्थापन, आवास तथा कुकुर खेल्न सक्ने चौर निर्माण गरेको थियो।

पचास वटा कुकुर राख्ने क्षमताको होस्टेलमा पहिलो चरणमा बेवारिसे, बिरामी तथा अशक्त भएका २० सामुदायिक कुकुरलाई राखिएको बागलुङ नगपालिकाले जनाएको छ। बागलुङ नगरपालिका-३ स्थित पाँच रोपनी जग्गामा रु एक करोड खर्चेर जग्गा तारबारसहित होस्टेल निर्माण गरिएको र कुकुरलाई हेरचाहका लागि कर्मचारी र खानपानको व्यवस्था मिलाइएको नगरपालिका पशु शाखा प्रमुख मित्रप्रसाद सापकोटाले जानकारी दिए।

नगरपालिका-३ सिम्लेस्थित पाँच रोपनी सार्वजनिक जग्गामा बागलुङ नगरको रु ३५ लाख र मुख्यमन्त्री कार्यालयको रु ६५ लाख खर्च गरेर होस्टेल बनाइएको थियो। नगरपालिकाले दुई वर्षअघि नै सामुदायिक कुकुरको व्यवस्थापनका लागि नीति तथा कार्यक्रममा कुकुर होस्टेल निर्माण गर्ने लक्ष्य ल्याएको थियो।

"कुकुर बन्ध्याकरणसमेत भइरहेको र छाडा कुकुरलाई होस्टेलमा खानपानसहित व्यवस्थापन गर्ने योजना छ," नगर प्रमुख वसन्तकुमार श्रेष्ठले भने-"घरपालुवा कुकुर बिरामी परेपछि बजारमा छोड्ने चलनले बजारमा यात्रुलाई टोकेर, दुर्घटना निम्ताउने समस्या भएकाले होस्टेल निर्माण गरिएको हो।"

नगरपालिकाले घरमा पाल्ने कुकुरको दर्ता अनिवार्य गरेको छ। साथै कुकुरको पहिचान गर्ने र औषधि र खोपको समेत व्यवस्था मिलाएको छ। दर्ता गरेको कुकुर सडकमा आएमा घरधनीलाई जिम्मेवार बनाउन अनिवार्य दर्ताको व्यवस्था मिलाएको पशु शाखाले जनाएको छ। दर्ता गर्दा रु २०० शुल्क तिर्नुपर्ने छ।

# कञ्चन गाउँपालिकाको २०औं अधिवेशन



कञ्चन। रुपन्देहीको कञ्चन गाउँपालिकाको २० औं अधिवेशनअन्तर्गत बुधबार बसेको चौंथो बैठकमा पालिकाका उपाध्यक्ष मौसमी थापा मगरले न्यायिक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गरेकी छिन्।

उपाध्यक्ष थापा मगरले प्रस्तुत गरेको वार्षिक प्रतिवेदनअनुसार कञ्चन गाउँपालिकामा ४१ वटा विभिन्न विषयका मुद्दा तथा उजुरी आएकामध्ये ३१ वटा मुद्दालाई आपसी मिलापत्रका आधारमा फर्स्यौट गरिएको छ। यस्तै २ वटा मुद्दाको पूर्ण इजालसबाटै निर्णय गरिएको छ भने ८ वटा मुद्दालाई माथिल्लो निकायमा कानुनी उपचारका लागि पठाइएको प्रतिवेदनमा उल्लेख छ।

विशेषगरी कञ्चनमा घरजग्गा र घरेलु हिंसा सम्बन्धी उजुरी बढी पर्ने गरेको न्यायिक समितिका वरिष्ठ प्रशासन सहायक गंगा घिमिरेले जानकारी दिइन्। घिमिरेका अनुसार चालु आ.व. २०८२/०८३ मा कुलो बाँध, फोहोर मैला फ्याँकी छिमेकीलाई दुःख दिने, वातावरणलाई असर गरेको, साँध सिमानामा रुख बिरुवा लगाई छिमेकीको खेतबारीमा असर पारेको, पारिवारिक झै झगडालगायत विषयमा उजुरी पर्ने गरेको छ।

विशेषगरी घरजग्गा तथा साँध सिमाना विवादसम्बन्धी २० भन्दा बढी उजुरी परेको प्रतिवेदनमा उल्लेख छ। श्रीमान श्रीमती झगडा तथा घरेलु हिंसासम्बन्धी ६ वटा उजुरी परेकोमा अधिक्तम उजुरीहरुलाई सामूहिक छलफलको आधारमा आपसी मिलापत्र गरी उजुरी फर्स्यौट गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ। बैठकमा उपस्थित गाउँसभासदहरुबाट उपाध्यक्ष तथा न्यायिक समितिका संयोजक मौसमी थापा मगरले प्रस्तुत गरेको न्यायिक समितिको प्रतिवेदन सर्वसम्मत पारित समेत भएको छ।

यसैगरी पालिकाले सबैभन्दा बढी राजस्व संकलन गर्ने वडाको रुपमा वडा नं. ३ को कार्यालयलाई सम्मान गरेको छ। वडा नं. ३ ले आर्थिक वर्ष २०८१/०८२ मा करिब ३९ लाखभन्दा बढी राजस्व संकलन गरेको थियो। कञ्चन गाउँपालिकाका सूचना अधिकारी तथा राजस्व अधिकृत अनिल थापा मगरले जानकारी दिएका छन्।




नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
(प्रशासन शाखा)
रूपन्देही, सिद्धार्थनगर

मिति: २०६४।९।२०

**व्यक्ति प्रमाणित सम्बन्धमा**

**श्री जो जस संग सम्बन्ध राख्दछ।**

हाल रुद्रपुर गा.वि.स. वडा नं. ५ रूपन्देही बस्ने भारतीय भू. पू. शैनिक १४७००८०४ 'X' टि. एस. नायक ६/८ जि. आर का पूर्ण बहादुर रानाले आफ्नो नागरिकतामा नाम पूर्ण बहादुर राना जन्म मिति २०११।३।६ तथा आफ्नो पत्नीको नागरिकतामा नाम, पूर्ण कला राना जन्म मिति २०१३।३।९ छ। मेरो शैनिक अभिलेखमा नाम पुरन राना र जन्म मिति ११ जनवर १९६० एवं श्रीमतीका नाम शैनिक अभिलेखमा पुरन कुमारी रा मिति ०१।०१।१९५५ हुन गई फरक फरक पर्न गरएता पनि व्यक्ति एउटै भएकोले प्रमाणित गरी पाउँ भनि आफ्नो र अफ्नी पत्नीको नागरिकताका प्रतिलिपि, पेन्सन पट्टाका प्रतिलिपि, रुद्रपुर गा. वि.स. को सर्जमिन मुचुल्का समेतका कागजातहरू संलग्न गरी यस कार्यालयमा निवेदन पेश गरेकाले संलग्न कागजातहरू अध्ययन गर्दा निवेदकको माग दावी सत्य देखिन आएकोले तपसिला बमोजिम व्यक्ति प्रमाणित गरिको छ।



तपसिल

| क्र. सं. | नागरिकताको प्रमाणपत्रमा भएको नाम र जन्म मिति | पेन्सन प्रमाणमा भएको नाम र जन्म मिती | नाता | कैफियत |
|---|---|---|---|---|
| १. | पूर्ण बहादुर राना, जन्म मिति २०११/३।६ | पुरन राना, जन्म मितिः 11 Jan 1690 | पेन्सनर | |
| २. | पूर्णकला राना, जन्म मितिः २०१३।३।९ | पुरन कुमारी राना, जन्म मितिः 01/01/1955 | श्रीमती | विवाह मिती २०२९।१।१९ |

प्रमुख जिल्ला अधिकारी

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com